# साधारण सभाको वार्षिक प्रतिवेदन

# २०६१/२०६२

## राष्ट्रिय सहकारी बैंक लि.

## NATIONAL COOPERATIVE BANK LTD.

पो.ब. नं. ८९७५, इपीसी २७११
बानेश्वर, काठमाडौं
फोन : ४४६१९०७, फ्याक्स : ००९७७-१-४४६१९०७
E-mail : info@coopbank.com.np, coopbank@wlink.com.np
Website : www.coopbank.com.np

# राष्ट्रिय सहकारी बैंक लिमिटेड

## सल्लाहकार


श्री केशव बडाल


श्री दीपकप्रकाश बाँस्कोटा


डा. श्री हरिकृष्ण उपाध्याय


डा. श्री युवराज खतिवडा


श्री विष्णुबहादुर के.सी.


प्रा.डा. विश्वम्भर प्याकुरेल

## अध्यक्ष


श्री राजेशहरि जोशी
(प्रतिनिधि - मकवानपुर ब. तथा ॠ.स.सं.लि. हेटौडा)

## प्रबन्ध सञ्चालक


के.बी. उप्रेती
(प्रतिनिधि - जनता कोअपरेटिभ लि. काठमाडौं)

## सञ्चालकहरू


श्री गोविन्दबहादुर मल्ल
(प्रतिनिधि - बुलबुले ब. तथा ॠ.स.सं.लि., सुर्खेत


श्री रमेशप्रसाद पोखरेल
(प्रतिनिधि - स्टार ब. ब. तथा ॠ.स.सं.लि., विराटनगर)


श्री राममान श्रेष्ठ
(प्रतिनिधि - लसकुस ब. तथा ॠ.स.सं.लि., काठमाडौं)


श्री नमराज सापकोटा
(प्रतिनिधि - म्हैपि ब. तथा ॠ.स.सं.लि., काठमाडौं)


श्री भागवत श्रेष्ठ
(प्रतिनिधि - मिलन ब. स.सं.लि., काठमाडौं)


श्री विदूर चालिसे
(प्रतिनिधि - स्तुपा स्वास्थ्य सेवा स.सं.लि. काठमाडौं)


श्री मार्कण्डेय उपाध्याय
(रजिष्ट्रार - सहकारी विभाग, काठमाडौं)


श्री डिल्लीराम तिवारी
(प्रतिनिधि - राष्ट्रिय सहकारी संघ लि., काठमाडौं)

## लेखा समिति संयोजक


श्री ओमप्रकाश शर्मा
(प्रतिनिधि - कृष्ण ब. तथा ॠ.स.सं.लि., बर्दिया)

## लेखा समिति सदस्य


श्री कुलचन्द्र अधिकारी
(प्रतिनिधि - जिल्ला सहकारी संघ लि., काभ्रे)


श्री गणेशप्रसाद बस्नेत
(प्रतिनिधि - जिल्ला सहकारी संघ लि., झापा)

## कानूनी सल्लाहकार


श्री माधव बाँस्कोटा

# राष्ट्रिय सहकारी बैंक लिमिटेड
# NATIONAL CO-OPERATIVE BANK LIMITED

मिति :- २०६३/१/२४

श्री ........................................ सहकारी संघ/संस्था लि.
..........................................................................

**विषय :- वार्षिक साधारणसभामा भाग लिन आउनेबारे ।**

यस बैंकको दोस्रो वार्षिक साधारणसभा बैंक संचालक समितिको मिति २०६३/१/२४ गतेको निर्णय अनुसार उल्लेखित विषयहरू उपर छलफल गर्न निम्न मिति, समय र स्थानमा बस्ने भएको हुँदा साधारणसभामा भाग लिन त्यस संघ/संस्थाको तर्फबाट एकजना प्रतिनिधि पठाइदिनु हुन हार्दिक अनुरोध छ ।

**छलफलका विषयहरू :**

१. संचालक समितिको तर्फबाट बैंकका अध्यक्षज्यूबाट प्रस्तुत प्रतिवेदन सम्बन्धमा,
२. संचालक समितिको तर्फबाट बैंकका प्रवन्ध संचालकबाट प्रस्तुत प्रगति प्रतिवेदन सम्बन्धमा,
३. आ. व. ०६१/६२ को लेखापरीक्षण प्रतिवेदन सम्बन्धमा,
४. लेखासमितिको प्रतिवेदन सम्बन्धमा,
५. आ. व. २०६२/६३ र २०६३/६४ को प्रस्तावित बजेट तथा कार्यक्रम सम्बन्धमा,
६. आ. व. २०६२/६३ को लागि लेखापरीक्षको नियुक्ति तथा निजको पारिश्रामिक तोक्ने सम्बन्धमा,
७. सधारणसभाको निर्णय पुस्तिकामा हस्ताक्षर गर्न संचालक समिति तथा सदस्यहरुको तर्फबाट १/१ जना गरी २ जना प्रतिनिधि तोक्ने सम्बन्धमा,
८. विविध ।

**कार्यक्रम:**

**मितिः- २०६३ साल जेष्ठ २७ गते, शनिवार ।**
**समयः- विहान १०:०० बजे ।**
**स्थानः- अतिथि सदन (मेनरोड), विराटनगर, मोरङ्ग ।**

**साधारणसभासम्बन्धी अन्य आवश्यक जानकारीहरू:**

१. साधारणसभामा भाग लिन आउने प्रतिनिधिले आ-आफ्नो संघ/संस्थाबाट प्रतिनिधि मनोनयन भएको आधिकारिक पत्र र आफ्नो परिचय खुल्ने परिचयपत्र लिएर आउनु पर्नेछ ।
२. एक व्यक्ति, एक संघ/संस्थाको मात्र प्रतिनिधि हुन पाइनेछ ।
३. साधारणसभामा भाग लिन आउने सदस्य संघ/संस्थाका प्रतिनिधिहरुको सुविधाको लागि उक्त दिन विहान ९:०० बजे देखिनै हस्ताक्षर गर्न सधारणसभाको उपस्थिति पुस्तिका खुल्ला हुनेछ ।
४. सदस्य प्रतिनिधिहरुलाई सम्बन्धित जिल्लाको सदरमुकामबाट सरकारी वस भाडा दर बमोजिम आउने जाने बस भाडा उपलब्ध गराइनेछ ।
५. सधारणसभामा भाग लिन आउने प्रतिनिधिहरुको खाने बस्ने व्यवस्था सम्बन्धित संघ/संस्थाले व्यवस्था गर्नुपर्नेछ ।

(के. बी. उप्रेती)
प्रबन्ध संचालक

P.O. Box No. 8975, EPC 2711, Baneshwor, Kathmandu, Nepal. Tel: 4461907, 2110137, Fax: 00977-1-4461907
E-mail: coopbank@wlink.com.np / info@coopbank.com.np, Website: www.coopbank.com.np

# यस भित्र


| क्र. स | विषय | पेज नं. |
|---|---|---|
| १ | राष्ट्रिय सहकारी बैंक लिमिटेड, काठमाडौंको दोश्रो वार्षिक साधारणसभामा संचालक समितिको तर्फबाट अध्यक्ष राजेशहरि जोशीबाट प्रस्तुत प्रतिवेदन २०६३ | १ |
| २ | राष्ट्रिय सहकारी बैंक लिमिटेडका प्रबन्ध सञ्चालक के.बी. उप्रेतीद्वारा प्रस्तुत् बैंकको कार्यक्रम – वजेट तथा प्रगति प्रतिवेदन | ५ |
| ३ | राष्ट्रिय सहकारी बैंक लिमिटेडको दोश्रो वार्षिक साधारणसभामा प्रस्तुत् लेखा समितिको प्रतिवेदन | ११ |
| ४ | राष्ट्रिय सहकारी बैंक लिमिटेडको आर्थिक वर्ष २०६१/६२ को लेखापरीक्षण प्रतिवेदन | १४ |
| ५ | राष्ट्रिय योजना आयोगका तत्कालीन सदस्य डा. युवराज खतिवडाको संयोजकत्वमा निर्मित राष्ट्रिय सहकारी बैंक र बचत तथा ऋण सहकारी संस्थाको सञ्चालनका लागि उपयुक्त कानूनी स्वरुप र संस्थागत व्यवस्थासम्बन्धी अध्ययन समिति २०६१ ले प्रतिवेदनमा उल्लेख गरेका सुझावहरुको सारांश | २५ |
| ६ | तत्कालीन कृषि तथा सहकारीमन्त्री श्री होमनाथ दाहालको अध्यक्षतामा गठीत सहकारी क्षेत्र सुधार सुझाव उच्चस्तरीय समिति २०६१ ले प्रतिवेदनमा उल्लेख गरेका सुझावहरूको सारांश | २७ |
| ७ | अन्तर्राष्ट्रिय मान्यताप्राप्त सहकारिताका मूल्य तथा सिद्धान्तहरू | |

# राष्ट्रिय सहकारी बैंक लिमिटेड, काठमाडौंको दोश्रो वार्षिक साधारणसभामा संचालक समितिको तर्फबाट अध्यक्ष राजेशहरि जोशीबाट प्रस्तुत प्रतिवेदन
## २०६३

यस बैंकको दोश्रो साधारणसभामा पाल्नु भएका आदरणीय प्रमुख अतिथि, अतिथि, पत्रकार बन्धुहरु, पर्यवेक्षक तथा अधिराज्यभरिबाट पाल्नु भएका सदस्य प्रतिनिधिज्यूहरु र उपस्थित सम्पूर्ण महानुभावहरुमा यस औधोगीक नगरी विराटनगरमा स्वागत अभिवादन गर्दछु ।

**आदरणीय शेयर सदस्य प्रतिनिधिज्यूहरु,**

यस सहकारी बैंकले आफ्ना विभिन्न कठिनाईहरुको सामना गर्दै अन्तत् दोश्रो साधारणसभा गर्न गइरहेको छ । करिब एक दशकदेखि नै विग्रदै गएको देशको शान्ति सुरक्षा, राजनैतिक अस्तिरताको कारणबाट धरासायी हुन गएको देशको अर्थतन्त्र अत्यन्त जोखिमपूर्ण अवस्थामा गुज्रिरहेको परिस्थिति सम्पूर्ण महानुभावहरुलाई अवगत भएकै छ । देशको अर्थतन्त्रका समग्र सुचकाङ्कहरु निराशाजनक, कृषि र गैरकृषि क्षेत्रतर्फको आर्थिक बृद्धि दर पनि उत्साहप्रद नरहेको र यस क्षेत्रको बिकासको लागि सरकारी नीति पनि अपेक्षाकृत सकारात्मक नभएकोले आधारभूत तहका जनताहरुको पँहुच आर्थिक, औधोगिक र कृषि व्यवसायमा पुग्न नसक्नुका कारणबाट अर्थतन्त्रमा कूल गार्हस्थ उत्पादन बढ्न सकेको छैन भने बैंक तथा वित्तीय संस्थाहरु शहरमुखी भै लगानीको क्षेत्र साँघुरिदै गएको छ । हाल देशको मुद्रास्फिर्तिको दर उच्च रहनु, निक्षेपमा ब्याजदर अत्यन्त न्यून हुनु र सोही अनुपातमा लगानीको ब्याजदर घट्न नसक्नुको कारणबाट जनताहरु झनझन गरिबी तर्फ उन्मुख हुनु र धनी र गरीबवीचको खाडल अझ फराकिलो हुदै गइरहेको अवस्थामा वाणिज्य बैंकहरुसंग रहेको निक्षेप परिचालनका लागि प्रर्याप्त क्षेत्र नभएको तर लघु वित्तीय कारोवार संचालन गर्ने सहकारी संघ/संस्थाहरुसंग प्रर्याप्त पूंजीको अभाव रहेको छ ।

देशलाई साधारण खर्च धान्न समेत बैंदेशिक सहयोगको मुख ताक्नु पर्ने अवस्था, साधारण खर्चको बृद्धि, न्यून राजश्व असूली जस्ता बिषम आर्थिक, सामाजिक र राजनैतिक परिस्थिति हुँदा हुँदै पनि बैंकले सहकारी संघ/संस्थाहरुमार्फत आफ्ना सदस्यहरुको गरिबी न्युनीकरण आय आर्जनका लागि आफ्ना कार्यक्रमहरु नियमितरुपले संचालन गरी रहेको व्यहोरा म यहाँ सम्पूर्ण आदरणीय सदस्यज्यूहरुलाई अैवगत गराउन चाहन्छु ।

**सदस्य प्रतिनिधिज्यूहरु,**

अन्य बैंकहरुभन्दा छुट्टै पहिचान राख्ने आफ्ना सदस्य संघ/संस्थाहरुसंग मात्र सिमित कारोवार गर्ने एक विशिष्ट पहिचान भएको यस राष्ट्रिय सहकारी बैंकले कम खर्च, वढी प्रतिफल, अधिकतम् सेवा, पारदर्शीता, छिटो छरितो सुविधा प्रदान गर्ने रणनीति लिएर अधि बढिरहेको कुरा सम्पूर्ण सदस्यज्यूहरुलाई विदितै छ ।

**सदस्य प्रतिनिधि महानुभावहरु ,**

आफ्ना सदस्यहरुवीच उच्चस्तरीय सेवा प्रदान गर्दै बजारमा रहेको न्यून ब्याजदरको सट्टा उच्च ब्याजदरमा निक्षेप स्वीकारगरी सिमित क्षेत्रमा कर्जा प्रवाह गरी बैंकलाई संचालनको पहिलो वर्षमानै नाफामा संचालन गरी जुन उपलब्धी बैंकले हासिल गऱ्यो, त्यसलाई हामीले ठूलो उपलब्धी सम्झेका छौ । बैंकले आफ्नो कारोवार न्यून ब्याजान्तरमा संचालन गर्दै सम्पूर्ण खर्चको व्यवस्थापन गरी नाफा आर्जन गर्नु हामीले निश्चय नै उपलब्धी ठानेका छौं ।

बैंकको प्रभावकारी संचालन तथा खर्चमा मितव्ययीताको नीति अवलम्वन गरेकै कारणबाट बैंकको वित्तीय अवस्थाहरु अपेक्षाकृत सुदृढ हुदैंछ । सदस्यहरुबाट प्राप्त हुने सेवा, सहयोगबाट आगामी वर्षमा बैंकबाट प्रदान गरिने सेवालाई विस्तार गरी अझबढी नाफा बृद्धि गर्ने हाम्रो प्रयास रहने छ ।

**आदरणीय प्रतिनिधि तथा पर्यवेक्षक मित्रहरु !**

- बैंक स्थापनाको समयमा तथा स्थापनाका लागि पारीत विनियम तथा सहकारी ऐन, २०४८ मा यस बैंकले तत्कालिन वाणिज्य बैंक ऐन, २०३१ अनुसारका बैंकिङ्ग कारोवार संचालन गर्न सक्ने भनिएको भए पनि नेपाल राष्ट्र बैंकबाट सदस्य संघ/संस्थाहरुवीच निक्षेप तथा कर्जा वितरणाको कार्य मात्र गर्न पाउने शर्त हालसम्म पनि

यथावत नै छ । जसले गर्दा बैंकले पूर्ण रुपमा बैकिङ्ग कार्य गरी सेवा तथा कारोवारलाई बृहद एवं सदस्य सहकारी संघ/संस्थाको आवश्यकता अनुरुप अगाडि बढाउन सकेको छैन । सहकारी संघ/संस्थाहरुमार्फत विपन्न तथा प्राथमिक क्षेत्रमा लघुकर्जा लगानीको अत्यन्त सम्भावना रहेको तर सहकारी क्षेत्रबाट मात्र प्रर्याप्त पूंजी संकलन हुन नसक्ने भएकोले यसै चालु वर्षदेखि संस्थागत (गैह सहकारी, संघ/संस्थाहरु) निक्षेपसमेत संकलन गरी श्रोत परिचालनको आयतनमा बृद्धि गरी सदस्य संघ/संस्थाको आवश्यकता अनुरुप सेवा प्रदान गर्दै जान लक्ष्य राखिएकोमा सरकार तथा नेपाल राष्ट्र बैंकको नीतिका कारण कार्यन्वयन गर्न सकिएन । आगामी आ.ब. २०६३/६४ देखि उक्त कार्यक्रमलाई कार्यान्वयन गर्ने प्रतिवद्धता समेत पेश गर्दछु ।

- सहकारी क्षेत्रको ऋण अशुली कार्यलाई व्यवस्थित र सरल बनाउन सहकारी बैंक तथा सहकारी संघ/संस्थाको पहुंच ऋण अशूली न्यायधीकरणमा पुऱ्याउनु पर्ने चुनौति पनि कायमै रहेको स्मरण गराउन चाहान्छु ।
- नेपाल राष्ट्र बैंकको शिफारिसमा सहकारी ऐन अनुसार राष्ट्रियस्तरको बैंकको रुपमा दर्ता भई आफ्ना सदस्यहरुवीच कारोवार गरिरहेको र सहकारी ऐनको मर्म र भावना अनुरुप यस बैंकको नियमन, सुपरीवेक्षण र अनुगमनको व्यवस्था बैंक तथा वित्तीय व्यवस्था सम्बन्धी अध्यादेशमा व्यवस्थित गरी नेपाल राष्ट्र बैंकबाट गरिनु पर्नेमा सरकार तथा नेपाल राष्ट्र बैंकले लघुवित्त तथा सहकारी संघ/संस्थाहरुलाई नियमन सुपरीवेक्षण तथा अनुगमन गर्न एउटै कानूनी दायराभित्र ल्याउन भनी "लघु वित्त तथा सहकारी कारोवार अध्यादेश २०६२" ल्याउन लागेको र सो अध्यादेशमा सहकारी बैंक तथा सहकारी संघ/संस्थाहरुलाई संकुचन गरी परिभाषित गरिन लागेकोमा सो सम्बन्धी बैंकले अध्ययन गरी सहकारीका पक्षमा आवश्यक संशोधन तथा शुभ्कावहरु पेश गरेको कुरासमेत जानकारी गराउन चाहन्छु ।

**आदरणीय मित्रहरु ,**

- सहकारी बैंकको स्थापनाको लगत्तै यस बैंकले तमाम सहकारी संघ/संस्थाहरुले भोगिरहेका समस्या र बैंक संचालनमा देखिएका केही कानूनी समस्याहरुको समाधानार्थ गरेको प्रयासबाट सहकारी बैंक र वचत तथा ऋण सहकारी संघ/संस्थाहरुलाई के कसरी व्यवस्थित गर्न सकिन्छ, प्रतिवेदन पेश गर्न भनी राष्ट्रिय योजना आयोगका तत्कालिन सदस्य डा. युवराज खतिवडाको संयोजकत्वमा गठन भएको कार्यदलको प्रनिवेदनमा उल्लेख भएका सुभ्कावरुको सरकारले हालसम्म पनि कार्यान्वयन गरेको छैन ।
- त्यसै गरी सहकारी बैंकको माग तथा सहकारीका अन्य राष्ट्रिय एवं केन्द्रियस्तरका संघहरुको दवावको फलस्वरुप सहकारी क्षेत्रको विकास तथा प्रबर्द्धनका लागि तत्कालिन कृषि तथा सहकारी मन्त्री श्री होमनाथ दाहालज्यूको संयोजकत्वमा उच्चस्तरीय सहकारी क्षेत्र सुधार सुभ्काब समिति गठन भई उक्त समितिले पेश गरेको सुभ्काब समेत कार्यान्वियन हुन सकेको छैन । तसर्थ म आज यसै सभामार्फत उक्त दुबै प्रनिवेदनहरुको यथाशिघ्र कार्यान्वयन गर्न नेपाल सरकार समक्ष माग गर्दछु ।
- सहकारी बैंक, सहकारी संघ/संस्थाहरुको वित्तीय अभिभावक भएकोले आफ्ना सदस्यहरुवीच भए गरेका गतिविधि तथा अन्य सहकारी क्षेत्र सम्बन्धी गतिविधिहरुको जानकारीका लागि सुचना तथा संचारको महत्वलाई मनन् गरी बैंकले राष्ट्रिय सहकारी संघ, नेपाल वचत तथा ऋण केन्द्रिय सहकारी संघ, केन्द्रिय दुग्ध सहकारी संघ, केन्द्रिय उपभोक्ता सहकारी संघसंग सहकार्य गरी आगामी दिनमा सहकारीकर्मीहरुवीच संचार आदान प्रदान कार्यलाई व्यवस्थित संचालनका लागि उपसमितिको निर्माण गरी कार्य प्रारम्भ गरिएको कुरा यहाँ निवेदन गर्न चाहन्छु ।
- यस बैंकको कारोवार लगायत शेयर खरिद गर्ने सहकारी संघ/संस्थाहरू २०६२ पौष मसान्त सम्ममा पूर्ण तथा आंशिक गरी १०२८ पुगिसकेका छन् र यस साधारणसभा पश्चात् शेयर खरिदको क्रम तिव्ररूपले बढ्ने हामीले विश्वास लिएका छौं ।

यस बैंकले स्थापनाको दोश्रो वर्षमा अधिराज्यका विभिन्न ९ स्थानमा आफ्नो संजाल विस्तार गर्ने उदेश्य अनुरुप हालसम्म झापा, सुनसरी, मकवानपुर, पोखरा, बाग्लुङ्ग र सुर्खेतमा प्रतिनिधि संस्था संचालन गरिसकेको छ भने मोरङ्गको विराटनगरमा शाखा कार्यालय संचालनमा छ । ललितपुर, नेपालगञ्ज, धनगढी, नुवाकोट, धादिङ्ग, स्याङ्जा र गोरखामा शाखा कार्यालय तथा प्रतिनिधि संस्थामार्फत कारोवार विस्तार गर्ने प्रक्रिया अगाडि बढीसकेको छ ।

सहकारी संघ/संस्थाहरुको माग र सम्भाव्यताका आधारमा यस बैंकलाई आगामी वर्ष भित्रमा अधिराज्यका २५ जिल्ला/स्थानहरुमा प्रतिनिधि संस्था, शाखा, उपशाखा र सम्पर्क कार्यालयहरुमार्फत सेवा विस्तार गर्ने लक्ष्य लिएका छौं । यसका लागि आदरणीय प्रतिनिधिज्यूहरुले आ-आफ्नो संघ/संस्थाहरुको तर्फबाट यस बैंकमा सदस्यता बढाई कारोबारको मागमार्फत बैंकको संजाल आ-आफ्नो स्थानसम्म पुऱ्याउनका लागि सहयोग गरिदिनु हुन हार्दिक अनुरोध गर्दछु ।

**आदरणिय प्रतिनिधि तथा पर्यवेक्षक साथीहरु,**

- सहकारी बैंकलाई सदस्य संघ/संस्थाहरुको वित्तीय आवश्यकता पूर्ती गर्न सक्षम बनाउने लक्ष्य अनुरुप संस्थागत (गैह सहकारी संघ/संस्थाहरुबाट) निक्षेप स्वीकार गर्ने, सदस्यता तथा शेयर बृद्धि गर्ने, सहकारी संघ/संस्थामा भएको निक्षेपलाई एकीकृत गर्ने, संघ/संस्थाबाट नियमित बचत संकलनको व्यवस्था गर्ने कार्यलाई तदारुकताका साथ अगाडि बढाइने छ । साथै काठमाडौं उपत्यका र शाखा तथा प्रतिनिधि संस्था कार्यालय स्थापना भई कारोबार संचालन भएका जिल्लाभित्रका सहकारी संघ/संस्थाहरुबाट मासिक नियमित बचत संकलन गराउने प्रस्ताब पेश गर्दछु ।
- महिला तथा कृषकहरुले स्थापना गरी उक्त नामबाट संचालन गरेका महिला र कृषि सहकारी संघ/संस्थाहरुको रू.२,००,०००।- सम्मको ऋण रकममा ०.५% ब्याजदर कम गर्ने साथै बैंकबाट लिइएको कर्जा रकमलाई उद्देश्य अनुसार लगानी गरी समयमा नै कर्जा चुक्ता गर्ने सम्पूर्ण सदस्य संघ/संस्थाहरुलाई ब्याजमा ०.५% छुट (Rebate) दिने व्यवस्था समेत अनुमोदनका लागि प्रस्ताव गर्नछु ।
- आगामी वर्षदेखि बैंकले प्रत्येक वर्ष सबैभन्दा बढी शेयर खरिद गर्ने संघ/संस्थाहरुमध्येबाट एक, निक्षेप तथा कारोवार गर्ने सदस्य संघ/संस्थाहरु मध्येबाट एक र उत्कृष्ट बैंकिङ्ग कारोवार संचालन गर्ने संघ/संस्थाहरु मध्येबाट एक गरी जम्मा तीनवटा संघ/संस्थालाई विशेष सम्मानस्वरुप पुरस्कृत गर्ने कार्यक्रम समेत प्रस्ताव गर्दछु ।
- यस बैकलाई विदेशी बैंक तथा सहकारीका अर्न्तराष्ट्रिय निकायहरुसंग समन्वय र सहयोगको क्षेत्र विकास गराउने पहल भैरहेको र यसै सन्दर्भमा अर्न्तराष्ट्रिय सहकारी महासंघ (ICA) को सदस्यता प्राप्तिको लागि कार्य प्रारम्भ गरिसकिएको छ । आगामी वर्षभित्रमा सदस्यता लिने प्रस्ताब समेत पेश गर्दछु ।
- नेपाल राष्ट्र बैंकबाट पूर्ण बैंकिङ्ग कार्य गर्न स्वीकृति प्राप्त गर्न र बैंकलाई अभ्र बढी सेवाग्राही बनाउन तथा दिगो संचालन एवं नाफा आर्जनका लागि बैंकको शेयर पूंजीका साथै निक्षेप संकलनमा बृद्धि गर्नु आजको प्रमुख आवश्यकताको रुपमा हामीले महशुस गरेका छौं । सोही बमोजिम शेयर तथा निक्षेप कार्यक्रम आकर्षक, व्यवस्थित र लाभदायक बनाउनका लागि शेयर तथा निक्षेप बृद्धि उप-समिति निर्माण गरी कार्यक्रमलाई परिणाममुखी बनाउने प्रयासको थालनी भएको छ । यसै प्रयोजनका लागि बैकबाट प्रदान गरिदै आएको ब्याजदरमा थप शेयर रकमको अनुपातमा तथा निक्षेपको अनुपातमा ब्याजदरलाई श्रावण १ गते देखी लागु हुने गरी समायोजन गरिने छ । यसका साथै रू.२५ लाख भन्दा बढी रकमको शेयर खरिद गर्ने सदस्य संघ/संस्थाका प्रतिनिधिलाई बैंकले संचालक समितिमा आमन्त्रित संचालकका रुपमा आमन्त्रण गर्ने नीतिगत निर्णय भएकोले सो को अनुमोदनका लागि समेत अनुरोध गर्दछु ।
- नेपाल सरकारबाट निर्माणाधिन ११ औं पञ्चवर्षिय योजनामा सहकारी क्षेत्रको संबर्द्धन सहित स्पष्ट दिशाबोध हुने गरी योजना निर्माण गर्न कृषि तथा सहकारी मन्त्रालयमार्फत नेपाल सरकारमा आग्रह गर्दछु ।
- यो वर्ष नेपालमा सहकारी अभियान सुरु भएको ५० औं वर्ष पनि हो । यस वर्षलाई "अपनाउँ सहकारी पद्धति हटाउँ गरीबी र बेरोजगारी" को मुल नारा सहित हामी 'सहकारी स्वर्ण महोत्सव वर्ष २०६३' मनाउन गईरहेका छौं । यसै सन्दर्भमा म सम्पूर्ण सहकारीका मित्रहरुलाई सहकारी स्वर्ण महोत्सव वर्षको नारा र कार्यक्रमलाई जनस्तरसम्म पुऱ्याई सहकारीको विशिष्ट पहिचान गराउने कार्यमा आ-आफ्नो क्षेत्रबाट अविस्मरणीय योगदान प्रदान गर्न समेत अपील गर्दछु ।

आदरणीय साथीहरु, बैंकको विस्तृत आर्थिक अवस्था, वित्तीय विवरण, योजना यसपछि यस बैंकका प्रबन्ध संचालकले पेश गर्नु हुनेछ, जसमाथि यस गरीमामय सभाले विस्तृत छलफल गरी पारीत गरी दिनुहुनेछ भन्ने कुरामा म विश्वस्त छु।

- देशमा भएको १० वर्ष लामो अशान्ति र द्वन्दग्रस्त अवस्थाले सम्पूर्ण बैंकिङ्ग क्षेत्र प्रभावित रह्यो । अझ विशेषगरी लोकतान्त्रिक राज्य व्यवस्थामा मात्रै फस्टाउन सक्ने सहकारी क्षेत्र विगत २ वर्षदेखि अझबढी प्रभावित बन्यो । यस अवधीमा तत्कालिन सरकारले गरेको निर्णयहरु र अपनाइएका नीतिहरुमा करिब १० लाख जनता प्रत्यक्ष सदस्य रहेको सहकारी क्षेत्रको वेवास्ता मात्रै गरिएन अवमूल्यन समेत गरियो । सहकारी क्षेत्रसंग जोडिएर आएका हरेक पटकका अध्यादेशहरु र परिपत्रहरुले यस क्षेत्रमा अझबढी नियन्त्रण, संकुचन र अपठ्याराहरु सृजना भएको हामी सबैंमा अनुभूती नै छ। यी अदुरदर्शी तथा अनुदार नीति र परिपत्रका विरुद्धमा हामीले आवाज नउठाएका पनि हैनौं तर सुनवाई हुने उचित स्थानका अभावले हामीले भोगिरहेको कानूनी तथा नीतिगत समस्याहरु यथावत नै रहिरहे।
- आज देश रुपान्तरण भएको छ। अनुदार तथा अनुत्तरदायी राज्य सत्ताको सट्टामा जनप्रतिमुलक राज्य व्यवस्था कायम भएको छ । शान्ति शु-व्यवस्था क्रमशः कायम हुदै गईरहेको छ । राज्य संचालन संयत्र उदार एवं जनमुखी हुदै छ । हामीले हाम्रा समस्यालाई राख्ने उचित स्थान प्राप्त गरिरहेका छौ । यस अवसरमा हाम्रा समग्र समस्याहरुको समाधानका लागि हामी अझबढी प्रयत्नशील रहन म सम्पूर्ण मित्रहरुमा अनुरोध गर्दछु।

राष्ट्रिय सहकारी बैंकको स्थापनाका लागि ठूलो प्रयास र योगदान दिई बैंकलाई आजका स्थितिसम्म ल्याउन सहयोग पुऱ्याउनुहुने बैंक स्थापनाका लागि गठित तदर्थ समिति, नेपाल सरकार, नेपाल राष्ट्र बैंक, राष्ट्रिय सहकारी विकास बोर्ड, राष्ट्रिय सहकारी संघ लि., बैंकका सल्लाहकारज्यूहरू, बैंकको शेयर लिनुहुने सम्पूर्ण सहकारी संघ/संस्थाहरू, सहकारीकर्मी मित्रहरूलगायत् उपस्थित प्रतिनिधि तथा पर्यवेक्षक मित्रहरू, पत्रकार साथीहरु यस बैंकका शुभेच्छुकहरू तथा साधारणसभाको व्यवस्थापनमा अहोरात्र खट्नु भएका यस क्षेत्रका मित्रहरु, बैंकका संचालक, लेखा समितिका साथीहरु तथा कर्मचारीहरूमा पून: एकपटक स्वागत अविवादन तथा धन्यवाद प्रकट गर्दछु र अन्तमा लोकतान्त्रिक जनआन्दोलनमा सहादत प्राप्त गर्नुहुने चीरस्मरणीय शहीदहरुप्रति हार्दिक श्रद्धान्जली, शोक सन्तब्ध शहीद परिवारहरुप्रति शहानुभुति र लोकतान्त्रिक जन आन्देलनका क्रममा घाइते हुनु भएका योद्धाहरुको शिघ्र शू-स्वास्थ्य लाभको कामना गर्दै विदा हुन चाहन्छु।

धन्यवाद ! जयसहकारी !!

मिति : २०६३ /२ /२७
स्थान : अतिथि सदन (मेनरोड), विराटनगर, मोरङ ।

# राष्ट्रिय सहकारी बैंक लिमिटेडका प्रबन्ध सञ्चालक के.बी. उप्रेतीद्वारा प्रस्तुत् बैंकको कार्यक्रम – वजेट तथा प्रगति प्रतिवेदन

आदरणीय प्रतिनिधि तथा पर्यवेक्षक मित्रहरू !

सर्वप्रथम यस गरिमामय वार्षिक साधारणसभामा हाम्रो निमन्त्रणालाई स्वीकार गरी अधिराज्यभरका विभिन्न स्थानहरुबाट पाल्नुभएका सम्पूर्ण प्रतिनिधि, प्रर्यवेक्षक तथा शुभेक्षुक मित्रहरुलाई यस औद्योगिक नगरी विराटनगरमा राष्ट्रिय सहकारी बैंक तथा म आफ्नो व्यक्तिगत तर्फबाट हार्दिक स्वागत अभिवादन् गर्न चाहन्छु ।

आदरणीय सहकर्मीमित्रहरु, विगत दश वर्षदेखि विग्रदै गएको शान्ति सुव्यवस्थावाट गाउँमा रहेका बैंक तथा बित्तीय संस्थाहरु शहर केन्द्रित हुन पुगेका छन् । ग्रामीण तथा शहरी क्षेत्रका न्यून तथा मध्यम आय भएका व्यक्तिहरुको श्रम, सीप, र श्रोत परिचालन गरी जनताको आय बृद्धि तथा रोजगारी श्रृजना गर्ने एकल जिम्मा सहकारी संघ/संस्थाहरुमा आएको छ । जसले गर्दा एकातिर सहकारी क्षेत्रमा दिनानुदिन वित्तीय चाप बढीरहेको छ भने अर्कोतर्फ सिमित साधन श्रोतबाट संचालित संघ/संस्थामा वित्तीय सहयोगको अभावका कारण उल्लेख्य प्रगाति हासिल हुन सकिरहेको छैन । यो यथार्थ र चुनौतीलाई आत्मसात् गर्दै बैंकको प्रगति, कारोवार र भावी योजना समेतको समालोचनात्मक विश्लेषण गरी उपर्युक्त मार्गनिर्देशन गर्न आज हामी उपस्थित भएका छौ । आशा छ, बैंकलाई मार्गनिर्देशन गर्ने कार्यमा सदाझै यहाँहरुको सक्रिय सहभागिता रहनेछ ।

आदरणीय प्रतिनिधि तथा पर्यवेक्षक मित्रहरु,

अव म बैंकबाट सम्पादन गरिएका कार्य प्रगति तथा आगामी वर्षका लागि प्रस्तावित वजेट कार्यक्रमको संक्षिप्त रुपमा प्रस्तुत गर्ने अनुमति चाहान्छु ।

१) सरकारले सहकारी क्षेत्रलाई बढी नियन्त्रित र निर्देशित बनाउने गरी संशोधन गर्न लागेको मौजुदा सहकारी ऐनका सम्बन्धमा सहकारी आन्दोलनका राष्ट्रिय तथा केन्द्रिय निकायहरु समेतको सहकार्यमा संघ/संस्थाहरुको स्वायत्तता हनन् नहुने गरी संशोधन प्रस्ताव पेश गरी नियमित लविङ्ग गरिएकोले सरकारको उक्त संशोधन प्रस्ताव कार्यान्वियन हुन नसेकेको यहाँहरुमा अवगत नै छ ।

२) यसै वर्ष भारतीय राष्ट्रिय सहकारी संघ ( NCUI) का कार्यकारी निर्देशक श्री भगवती प्रसादको नेतृत्वमा नेपाल आएको १७ सदस्यीय सहकारी बैंकहरुको प्रतिनिधि टोलीले राष्ट्रिय सहकारी बैंकको कार्यालयसमेतको भ्रमण गरी दुई देशका सहकारी बैंकिङ्ग क्षेत्रमा सहयोगको आदान प्रदान गर्ने तथा सम्भाव्य क्षेत्रमा सहकार्य गर्ने समेत सहमती जनाई सकेको छ । त्यस्तै गरी भारतकै National Center for Cooperative Research and Training Institute को संयोजकत्वमा नेपाल भ्रमणमा आएको २५ सदस्यीय सहकारी बैंकहरुको टोलीसंग पनि दुई पक्षीय हीत तथा सहयोगका विषयमा समझदारी भइसकैको कुरा निवेदन गर्न चाहान्छु ।

३) बैंकमा कार्यरत कर्मचारीहरुको कार्य कुशलता बृद्धि गराउदै लैजाने सन्दर्भमा यस बैंकका अधिकृत अशोक सिवाकोटीलाई भारतीय राष्ट्रिय सहकारी संघ (NCUI) द्वारा संचालित ३ महिने Diploma in Cooperative Education & Management Training उपलब्ध गराइएको छ । त्यसै गरी यस बैंकका अन्य कर्मचारीहरुलाई पनि देशभित्र संचालन भएका विभिन्न तालीम तथा शिक्षाका कार्यक्रममा सहभागी गराइएको छ ।

४) सहकारी बैंकका समस्याहरु र समाधानका लागि चालिनु पर्ने कदमहरुको कार्यसूची निर्माण गर्न तत्कालिन कृषि तथा सहकारी मन्त्री को निर्देशन वमोजिम कृषि तथा सहकारी मन्त्रालयका सहसचिव श्री ऋषिराम

लामिछानेको संयोजकत्वमा सहकारी विभागका रजिष्ट्रार र बैंकका अध्यक्ष तथा प्रबन्ध संचालकसमेतको कार्यटोली निर्माण भई उक्त कार्यटोलीले कृषि तथा सहकारी मन्त्रालयबाट समाधान गर्न सकिने समस्याहरु र अर्थमन्त्रालय, नेपाल राष्ट्र बैंकमा सिफारिस साथ पहल गरिदिनु पर्ने कार्यहरुको वर्गिकरण सहितको कार्यसूची निर्माण गरी पेश गरेको लगत्तै जनआन्दोलन सुरु भएकोले उक्त प्रतिवेदन कार्यान्वयन हुन नसकेको कुरा अनुरोध गर्दछु । आगामी वर्षभित्रमा उक्त कार्य टोलीले पेश गरेका सुझावहरुको कार्यान्वयन गर्न सरकार समक्ष पहल गरिनेछ ।

५) संस्थागत निक्षेप संकलन तथा बैंकिङ्ग कारोवार संचालन गर्ने अनुमतिका लागि कृषि तथा सहकारी मन्त्रालय मार्फत तथा सोझै राष्ट्र बैंकमा अनुरोध पत्र बुझाइएको र पटक पटक सम्पर्क गर्ने कार्य भईरहेको भएता पनि नेपाल राष्ट्र बैंक हिजोका दिनसम्ममा सकारात्मक नरहेकोले पुनः अनुरोध पत्र लेखी दवावमुलक कार्यक्रम संचालन गरी आगामी वर्षभित्र थप बैंकिङ्ग कार्य गर्ने इजाजत लिने लक्ष्य राखिएको छ ।

६ सहकारी बैंक तथा संघ/संस्थाहरुमा लगाइएको अन्यायपूर्ण करको दर तथा रजिष्ट्रेशन शुल्क जस्ता शुल्कहरुलाई सरकारले पुनः परिभाषित गरी कर मुक्त गर्ने व्यवस्थाका लागि कृषि तथा सहकारी मन्त्रालय मार्फत भुमी सुधार तथा अर्थ मन्त्रालयमा लिखित अनुरोध पत्र पेश गरी कार्यान्वयनका लागि कार्य गरिरहेको जानकारी गराउदै परिवर्तित सन्दर्भ र सरकार समक्ष पुनः अनुरोध पत्र पेश गरी कार्यान्वयनका लागि पहल गरिने जानकारी गराउदछु ।

७ सहकारी शिक्षा तथा तालीम कार्यक्रमलाई व्यवस्थित संचालनका लागि शिक्षा तथा तालीम उपसमितिको गठन गरिसकिएको र आगामी आर्थिक वर्षभित्रमा प्रतिनिधि संस्था स्थापना भएका र स्थापना हुने सम्भावना भएका जिल्लाहरुमा क्रमशः सहकारी बैंकिङ्ग तालीम र प्रत्येक विकास क्षेत्रमा कम्तिमा एउटा सहकारी बैंकिङ्ग कार्यशाला गोष्ठी संचालन गरिने कार्यक्रम राखेका छौं ।

८ आर्थिक रुपले सवल सहकारी संघ/संस्थाहरुलाई शेयर रकम थप गर्न प्रोत्साहन गर्ने कार्यक्रमका अतिरिक्त देशभरीका सबै जिल्लास्तरीय संघहरु र ६ सय प्रारम्भिक सहकारी संस्थाहरुलाई आगामी वर्षभित्रमा यस बैंकको शेयर सदस्य बनाउने लक्ष्य राखेका छौं ।

९ पछि फिर्ता गर्ने गरी सरकारका तर्फवाट थप शेयर रकम प्राप्त गर्न सहकारी विभागमार्फत शिफारिस गरी पठाइसकिएको र उक्त शिफारिसको कायान्वयनको लागि सम्वन्धित मन्त्रालयसंग पहल गरिनेछ ।

१० अन्तरसहकारी रकम स्थानान्तरण र समाशोधन गृह (Clearing House) को संचालन कार्यविधि तयार भई सकेको र यसै आर्थिक वर्षबाट संचालन गरिने छ । साथै विप्रेशण (Remitance) तथा सहकारी संघ/संस्थाको बैंक ग्यारेन्टी गर्ने कार्यलाई आगामी वर्षदखि स्वीकृति लिई कार्यान्वयनमा ल्याइनेछ ।

११ सहकारी बैंकको प्रबर्द्धन तथा अन्तरसहकारी सम्बन्धलाई यस बैंकका अध्यक्ष र म स्वयं, संचालक तथा लेखा समितिका साथीहरु र सल्लाहकारज्यूबाट अधिराज्यका विभिन्न स्थानका कार्यक्रमहरुमा सहभागी भई बैंकको सदस्यता विस्तार गर्ने, कारोवारका लागि आव्हान गर्ने तथा बैंकको स्थापनाले सहकारी आन्दोलनमा पुऱ्याउने सहयोग र विश्वासनियताका बारे सहकारीकर्मीहरु माझ अन्तरक्रिया, भेलाहरु सम्पन्न गरी सहकारी बैंकिङ्ग क्षेत्रको विस्तार तथा अन्तरसहकारी सम्बन्धलाई विकसित गरिदै आएको प्रतिनिधि मित्रहरुलाई स्मरण गराउन चाहान्छु । आगामी वर्षमा अन्तरसहकारी सम्बन्धलाई अझ बलियो बनाउन कार्यक्रम सहित बढी प्रयास गरिनेछ ।

१२ राष्ट्रिय सहकारी बैंकलाई पूर्ण रुपले अधिकार सम्पन्न बनाउन "राष्ट्रिय सहकारी बैंक ऐन" निर्माण गर्न प्रयास गरिने छ ।

१३ आगामी वर्षदेखि सदस्य संघ/संस्थाहरुको नियमित, नियमन, निरीक्षण तथा सुपरीवेक्षण कार्यलाई विशेष व्यवस्थाका साथ अघि बढाइने छ ।

आदरणीय प्रतिनिधि तथा पर्यवेक्षक मित्रहरु, अब म यस गरिमामय सभासमक्ष सहकारी बैंकको वित्तीय विवरण तथा कार्यक्रम वजेट प्रस्तुत गर्न अनुमति चाहान्छु ।

राष्ट्रिय सहकारी बैंकको स्थापनाको यो त्यति लामो अवधी पक्कै पनि होइन । तथापि स्थापनाको छोटो अवधीमा यस बैंकले हालसम्म गरिएको प्रगति तथा बैंकको शेयरपूँजी, निक्षेप, कर्जा तथा लगानी, आय, व्यय र नाफा नोक्सान सम्वन्धी वित्तीय विवरण तथा वजेट निम्नानुसार रहेकोले सोहीअनुसार प्रतिनिधि तथा पर्यबेक्षक मित्ररूलाई जानकारी समेत् गराउन चाहन्छु ।

(१) आ. व २०६१/६२ को यथार्थ, चालु आ. व. २०६२/६३ को अनुमानित तथा आ. व. २०६३/६४ को प्रस्तावित शेयर पूँजी, निक्षेप तथा ऋण लगानीको विवरण

| क्र. स. | शीर्षक | अनुसुची | गत आ. व.२०६१/६२ को यथार्थ विवरण | चालु आ. व. २०६२/६३ को अनुमानित विवरण | आ. व. २०६३/६४ को प्रस्तावित विवरण |
|---|---|---|---|---|---|
| १ | शेयर पूँजी | १ | ३,८७,१६,१००।०० | ४,४१,५२,१००।०० | ८,२५,००,०००।०० |
| २ | निक्षेप | १ | ५,६२,२७,११३।७९ | ९,७७,५४,४९५।०० | १४,७७,५४,४९५।०० |
| ३ | कर्जा तथा लगानी | १ | ५,८७,८९,४९४।०५ | ११,८४,५९,५५५।०० | २२,१८,०७,४५५।०० |

(२) आ. व २०६१/६२ को यथार्थ, चालु आ. व. २०६२/६३ को अनुमानित तथा आ. व. २०६३/६४ को प्रस्तावित आय तथा व्ययको विवरण

(क) आम्दानीतर्फ

| क्र. स. | शीर्षक | अनुसुची | गत आ. व.२०६१/६२ यथार्थ विवरण | चालु आ. व. २०६२/६३ को अनुमानित विवरण | आ. व. २०६३/६४ को प्रस्तावित विवरण |
|---|---|---|---|---|---|
| १ | कर्जाबाट ब्याज | २ | ८,४१,४१४।७८ | ३८,००,०००।०० | ७४,६९,०७६।०० |
| २ | लगानीबाट ब्याज | २ | २५,४४,६६३।२३ | ३५,५०,०००।०० | ५५,००,०००।०० |
| ३ | विविध आम्दानी | २ | १३,९८,२०८।३६ | १९,००,०००।०० | ३०,००,०००।०० |
| | कूल आम्दानी | | ४७,८४,२८६।३७ | ९२,५०,०००।०० | १,५९,६९,०७६।०० |

(ख) खर्चतर्फ

| क्र. स. | शीर्षक | अनुसुची | गत आ. व.२०६१/६२ यथार्थ विवरण | चालु आ. व. २०६२/६३ को अनुमानित विवरण | आ. व. २०६३/६४ को प्रस्तावित विवरण |
|---|---|---|---|---|---|
| १ | निक्षेपमा ब्याज | ३ | ११,३४,२९३।७४ | ४०,००,०००।०० | ६५,००,०००।०० |
| २ | कर्मचारी खर्च | ५ | १२,२४,८०५।०० | १६,००,००० ।०० | २०,००,०००।०० |
| ३ | व्यवस्थापन खर्च | ६ | १९,५१,५७८।९७ | २१,२९,२९२।०० | २७,८१,५००।०० |
| ४ | न्हासकट्टी तथा अन्य खर्च | | २,२५,५०४।४१ | ६,१५,०००।०० | ८,५०,०००।०० |
| ५ | जोखिम व्यहोर्ने कोष | | २,३२,०११।७० | ५,१६,५२९।०० | १७,६०,९३६।०० |
| ६ | प्रवर्द्धनात्मक | | – | ३,५०,०००।०० | १०,९०,०००।०० |
| | कूल खर्च | | ४७,६८,१९३।८२ | ९२,१०,८२१।०० | १,४९,८२,४३६।०० |

(३) आ. व २०६१/६२ को यथार्थ, चालु आ. व. २०६२/६३ को अनुमानित तथा आ. व. २०६३/६४ को प्रस्तावित नाफा/नोक्सान विवरण

| क्र. स. | शिर्षक | अनुसुची | गत आ. व.२०६१/६२ यथार्थ विवरण | चालु आ. व. २०६२/६३ को अनुमानित विवरण | आ. व. २०६३/६४ को प्रस्तावित विवरण |
|---|---|---|---|---|---|
| १ | आय | २ | रू. ४७,८४,२८६।३७ | रू. ९२,५०,०००।०० | रू. १,५९,६९,०७६ ।०० |
| २ | व्यय | ३ | रू. ४७,६८,१९३।८२ | रू. ९२,१०,८२१।०० | रू. १,४९,८२,४३६ ।०० |
| ३ | नाफा/ नोक्सान | ३ | रू. १६,०९२ ।५५ | रू. ३९,१७९।०० | रू. ९,८६,६४०।०० |

बैंकको माथि उल्लेखित बजेट-कार्यक्रमको विस्तृत विवरण यसैसाथ अनुसूचिहरुमा संलग्न छ । उक्त अनुसूचिहरुको समेत अध्ययन गरी यस कार्यक्रम तथा वजेटलाई पारीत गरिदिनुहुन अनुरोध गर्दछु ।

आदरणीय प्रतिनिधि तथा पर्यवेक्षक मित्रहरु,

यस बैंकको प्रगति तथा प्रवर्द्धनका लागि यहाँहरुको सदाभैं सक्रिय सहयोग प्राप्त हुनेछ भन्ने अपेक्षा राखे आफ्नो प्रतिवेदन यहि अन्त्य गर्ने अनुमति चाहन्छु ।

धन्यवाद

जय सहकारी ।

मिति : २०६३ /२ /२७

स्थान : अतिथि सदन (मेनरोड), विराटनगर, मोरङ ।

# राष्ट्रिय सहकारी बैंक लिमिटेड

अनूसूची १

## शेयरपूंजी, निक्षेप र कर्जा तथा लगानी

| विवरण | आ.व २०६१/६२ अषाढ मसान्त | आ.व २०६२/६३ अषाढ मसान्त अनुमानित | आ.व २०६३/६४ (प्रस्तावित) |
|---|---|---|---|
| शेयर पूंजी | ३८,७१६,१००।०० | ४४,१५२,१००।०० | ८२,५००,०००।०० |
| निक्षेप | ५६,२२७,११३।७९ | ९७,७५४,४९५।०० | १४७,७५४,४९५।०० |
| ऋण तथा लगानी | ५८,७८९,४९४।०५ | ११८,४५९,५५५।०० | २२१,८०७,४५५।०० |

अनूसूची २

## अनुमानित आयको विवरण

| विवरण | आ.व २०६१/६२ यथार्थ | चालू आव२०६२/६३ अनुमानित | आ.व २०६३/६४ (प्रस्तावित) |
|---|---|---|---|
| ऋणबाट व्याज | ८४१,४१४।७८ | ३,८००,०००।०० | ७,४६९,०७६।०० |
| लगानीबाट व्याज | २,५४४,६६३।२३ | ३,५५०,०००।०० | ५,५००,०००।०० |
| विविध आम्दानी | १,३९८,२०८।३६ | १,९००,०००।०० | ३,०००,०००।०० |
| कुल आम्दानी | ४,७८४,२८६।३७ | ९,२५०,०००।०० | १५,९६९,०७६।०० |

अनूसूची ३

## अनुमानित व्ययको विवरण

| विवरण | आ.व २०६१/६२ यथार्थ | चालू आव२०६२/६३ अनुमानित | आ.व २०६३/६४ (प्रस्तावित) |
|---|---|---|---|
| निक्षेपमा व्याज | १,१३४,२९३।७४ | ४,०००,०००।०० | ६,५००,०००।०० |
| कर्मचारी खर्च | १,२२४,८०५।०० | १,६००,०००।०० | २,०००,०००।०० |
| व्यवस्थापन खर्च | १,९५१,५७८।९७ | २,१२९,२९२।०० | २,७८१,५००।०० |
| जोखीम व्यहोंने कोष | २३२,०११।७० | ५१६,५२९।०० | १,७६०,९३६।०० |
| ह्रास तथा अन्य खर्च | २२५,५०४।४१ | ६१५,०००।०० | ८५०,०००।०० |
| प्रवर्द्धनात्मकतर्फ | | ३५०,०००।०० | १,०९०,०००।०० |
| कुल खर्च | ४,७६८,१९३।८२ | ९,२१०,८२१।०० | १४,९८२,४३६।०० |
| | | | |
| कर अघिको नाफा/(घाटा) | १६,०९२।५५ | ३९,१७९।०० | ९८६,६४०।०० |

अनूसूची ४

## पूंजीगत खर्चको विवरण

| विवरण | आ.व २०६१/६२ अषाढ मसान्त | आ.व २०६२/६३ अषाढ मसान्त अनुमानित | आ.व २०६३/६४ (प्रस्तावित) |
|---|---|---|---|
| फर्नीचर | १,०७१,६२५।६१ | ५२,०३४।०० | १५०,०००।०० |
| अफिस सामान | ११४,८११।५० | १००,०००।०० | १००,०००।०० |
| सवारी साधन | ०।०० | १२०,८५०।०० | |
| कम्प्युटर उपकरण तथा सफ्टवेर | ८७७,४४९।६० | १९०,४०५।०० | १५०,०००।०० |
| जम्मा | २,०६३,८८६।७१ | ४६३,२८९।०० | ४००,०००।०० |

अनूसूची ५

## कर्मचारी खर्चको विवरण

| विवरण | आ.व २०६१/६२ अषाढ मसान्त | आ.व २०६२/६३ अषाढ मसान्त अनुमानित | आ.व २०६३/६४ (प्रस्तावित) |
|---|---|---|---|
| तलब | ९५७,९५०।०० | १,३४०,०८०।०० | १,३७५,०००।०० |
| संचय कोष | ३१,३१५।०० | ३०,३६०।०० | ४३,०००।०० |
| यूनिफर्म | ३६,६२८।०० | ५२,३६०।०० | ६०,०००।०० |
| दशैं खर्च | १३,०००।०० | ८२,३००।०० | १२०,०००।०० |
| यातायात भत्ता | ९४,१४४।०० | ८५,१५०।०० | ९०,०००।०० |
| तालीम | ९१,७६८।०० | ९,७५०।०० | ७०,०००।०० |
| जम्मा | १,२२४,८०५।०० | १,६००,०००।०० | १,७५८,०००।०० |

अनूसूची ६

## व्यबस्थापन खर्चको विवरण

| विवरण | आ.व २०६१/६२ अषाढ मसान्त | आ.व २०६२/६३ अषाढ मसान्त अनुमानित | आ.व २०६३/६४ (प्रस्तावित) |
|---|---|---|---|
| घर भाडा | २७४,२६०।०० | २८१,७६०।०० | २८५,५००।०० |
| वीमा | १२,०१०।०० | १७,४३२।०० | २५,०००।०० |
| वत्ति विजूली तथा पानी | २४,२९८।०० | २७,०००।०० | २७,०००।०० |
| टिकट,तार,टेलीफोन | ५७,१३९।०० | ७५,०००।०० | ८०,०००।०० |
| मसलन्द तथा छपाई | ११२,६८३।२० | ६५,०००।०० | ७५,०००।०० |
| पत्रपत्रिका | ८,१७४।०० | ११,०००।०० | १५,०००।०० |
| विज्ञापन तथा प्रवंद्वन | ३१०,०३२।०० | ५०,०००।०० | ७५,०००।०० |
| सुरक्षा | ३७,६४०।०० | ३९,६००।०० | ८०,०००।०० |
| नखप्ने सामान | ५४,८७३।१० | ३५,०००।०० | २५,०००।०० |
| यातायात,भ्रमण | ४९,७२३।५० | १५,०००।०० | २५,०००।०० |
| संचार(इमेल,इन्टरनेट) | २३,५५०।०० | ०।०० | ०।०० |
| अतिथि सत्कार | ७२,५९८।८२ | १०५,५००।०० | ५२,०००।०० |
| विविध | २३,७३५।०० | २५,०००।०० | ३७,०००।०० |
| फ्लोरिङ्ग तथा फर्निसिङ्ग | ३३,३४६।७२ | ०।०० | ५०,०००।०० |
| पेट्रोल/डिजेल | १,६१६।०० | १७,०००।०० | २०,०००।०० |
| लेखापरीक्षण शुल्क तथा खर्च | १४,०००।०० | ३०,०००।०० | ४०,०००।०० |
| साधारणसभा | ४६६,४३६।३८ | ६३५,०००।०० | ८००,०००।०० |
| मर्मत | २४,०४८।०० | ८०,०००।०० | ८५,०००।०० |
| बैठक खर्च | २०५,०७२।५० | ६२०,०००।०० | ७५०,०००।०० |
| कार्यक्रम खर्च | १४४,३८२।७५ | | २२०,०००।०० |
| कर्मचारी वीमा | | ०।०० | २५,०००।०० |
| **प्रवर्द्धनात्मकतर्फ** | | | |
| संजाल विस्तार | १,९६०।०० | ३५०,०००।०० | २५०,०००।०० |
| शिक्षा तथा तालीम | | | २००,०००।०० |
| सुचना संचार तथा प्रकाशन | | | ५०,०००।०० |
| अनूगमन तथा सूपरिवेक्षण | | | ६०,०००।०० |
| सहकारी पूरस्कार | | | ३०,०००।०० |
| सदस्यता/नविकरण खर्च | | | ५००,०००।०० |
| जम्मा | १,९५१,५७८।९७ | २,४७९,२९२।०० | ३,८८१,५००।०० |

# राष्ट्रिय सहकारी बैंक लिमिटेडको दोश्रो साधारणसभामा प्रस्तुत लेखा समितिको प्रतिवेदन

आदरणीय सभाध्यक्षज्यू ,
साथै सहभागी सदस्य महानुभावहरु ,

राष्ट्रिय सहकारी बैंकको दोश्रो वार्षिक साधारणसभामा लेखा समितिले १ वर्ष भित्रमा गरेको गतिविधिहरुका बारेमा र बैंकको लेखा सम्बन्धी नीतिगत विषयमा समेत भए गरेका कार्यहरु तथा साधारणसभामा सूचित गर्नु पर्ने विषयहरु संक्षिप्त रुपमा प्रस्तुत गर्ने अनुमति चाहान्छु ।

बैंकले कारोवार गरेको प्रथम आर्थिक वर्ष भएको हुदा र संस्थाहरुसंगमात्र कारोवार गर्नुपर्ने बाध्यता, सदस्य संघ/संस्थाहरु देशभरी छरिएको अवस्थाको कारणले पनि बैंकिङ्ग कारोवारको लेखा राख्दा रहेको साना तिना त्रुटिहरु – अध्यक्ष, प्रबन्ध संचालक र संचालक समितिसंग सोधनी तथा छलफल गरी व्यवस्थित लेखा राख्न सुझाव, सल्लाह दिने काम लेखासमितिले गर्दै आएको छ । यसरी लेखा हेर्ने काममा समितिको बैठक आर्थिक वर्ष ०६१/०६२ मा ३ पटक बसेको थियो भने चालू आ. व. मा पनि २ पटक बसी आफ्नो काम कर्तव्यमा लगनशील रहेको कुरा स्मरण गराउन चाहान्छु ।

सदस्य मित्रहरु !

बैंकको लेखा राख्ने क्रममा सम्पूर्ण लेखा प्रणाली कम्प्यूटरको माध्यमबाट हुने र दैनिक अभिलेख उतारीने हुदा, भए गरेको कारोवार कुनै बेला हेर्न बुझ्न सकिने गरी पारदर्शी रहेको छ । दैनिक हिसाव व्यवस्थित राख्ने काममा बैंकका नगद तथा लेखा विभागमा काम गर्ने कर्मचारीहरु अत्यन्त मेहनत र सतर्कता पूर्वक खटेको लेखा समितिले महशुस गरको छ । लेखासमितिले आवश्यक सल्लाह, सुझाव संचालक समितिमा राख्दै आएको छ । संचालक समितिले ग्रहण गरी कार्यन्वयन समेत भएकै छ । तथापि साधारणसभामा सदस्यहरु सामु केही टिप्पणी तथा सुझाबहरु राख्दा यस गरीमामय साधारणसभाले छलफल गरी निर्णयमा पुगि आगामी दिनलाई मार्ग निर्देशन गर्ने हुँदा निम्न अनुसार बुदागत रुपमा प्रस्तुत गरिएको छ ।

१) बैंकले गत आ.ब.०६१/०६२ मा शेयर पूंजी तर्फ ४ करोड र निक्षेप तर्फ ४ करोड ७५ लाख पुऱ्याउने लक्ष्य लिएकोमा शेयर पूंजी तर्फ ९६.७९% र निक्षेपमा ११८.३७% प्राप्त भएको छ । यो स्थितिले बैंकको सकारात्मक पक्ष उजागर गराउछ ।

२) ऋण तथा लगानी तर्फ आ.ब.०६१/६२ मा ७ करोड ६० लाखको लक्ष्य राखिएको थियो । यसमा ५,८७,८९,४९४।- भएको छ । यो चाहि ७७.३५% मात्र लक्ष्य प्राप्त हुन सकेकोछ यो त्यती निरासा जनक हैन ।

३) आम्दानी तर्फको अनुमान ५२,६७,५००।- खर्च ५२,४४,९१४।- गरी मुनाफा २२,५८५।- हुने अनुमानमा क्रमशः आम्दानी ४७,८४,२८६।- खर्च ४७,६८,१९४।- कर अधिको मुनाफामा १६,०९२।- भएको छ । यसले आम्दानी खर्च मुनाफा क्रमशः ९०.८२%, ९०.९१% र ७१.११% भएको छ । यो सकारात्मक पक्ष हो ।

**आदरणीय प्रतिनिधि सदस्यहरु**

माथि उल्लेख गरिएको तथ्यगत अंकहरुका आधारमा हेर्दा बैंकको आ.ब. २०६१/०६२ को अनुमानित लक्ष्य प्राप्त गर्न सफल भएको छ । यो सफलता सदस्य संघ/संस्थाहरुको सहयोग र

विश्वासको आधारमा संचालक समितिको लगनशिलता हो भन्ने लेखा समितिलाई महसुस् भएको छ ।

मित्रहरु,

बैंकको गत साधारणसभामा आ.ब २०६२/०६३ को पनि निक्षेप, कर्जा, लगानीका साथै आम्दानी खर्चको अनुमानित अंक र कार्यक्रम समेत पारीत गरेको थियो । त्यसको पनि २०६२/९/२९ सम्मको आन्तरिक लेखा समितिले अध्ययन गरिसकेको हुदा यस गरीमामय साधारणसभामा जानकारीको लागि प्रस्तुत गर्दा आगामी कार्यक्रम माथि छलफल गरी पारीत गर्न पूर्वाधार हुन्छ भन्ने आधारमा प्रस्तुत गरिएको छ ।

## तालिका क

| | आ.ब ०६२/०६३ को लक्ष्य तथा अनुमान | ०६२/९/२९ सम्मको प्रगति | प्रगति प्रतिशत | कैफियत बृद्धि रकम |
|---|---|---|---|---|
| शेयर पूंजी | ८,२०,००,०००।०० | ४,२१,५२,१००।०० | ५१.४० | ४३,३६,०००।०० |
| निक्षेप | ३५,००,००,०००।०० | ६,७२,५६,७८३।९३ | १९.७० | १,२७,२९,१५१।०० |
| कर्जा तथा लगानी | ४१,४५,००,०००।०० | ८,५२,५९,५५५।०० | २०.५६ | २,६४,७०,०६०।०० |
| आम्दानी | २,७०,१७,५००।०० | ३९,१०,४२५।०० | १४.४७ | |
| खर्च | २,०१,६३,६५५।०० | २७,२९,३४५।०० | १३.५३ | |
| मुनाफा | ६८,५३,८४५।०० | | | |

बैंकको आ.ब.०६२/९/२९ सम्मको बैंकले संचालिन गरेका ५ प्रकृतिका खाताहरुमा रहेको निक्षेप (कूल निक्षेपको आधारमा) % मा हेर्दा यस्तो देखिन्छ ।

## तालिका ख

| क्र. सं | विवरण | यथार्थ ०६१/०६२ | यथार्थ ०६२/९/२९ | आ.ब ०६१/०६२ बृद्धि प्रतिशत | ०६२/९/२९ सम्मको बृद्धि प्रतिशत |
|---|---|---|---|---|---|
| १ | साधारण वचत | २,१४,२६,५२०।६२ | १,८४,९७,४५५।३२ | ३८.१० | २६.८२ |
| २ | साधारण वचत दैनिक मौज्दात | ३,४७,२५,५९३।१७ | ४,६०,७४,२८८।६९ | ६१.७५ | ६८.५० |
| ३ | क्रमिक वचत | ०।०० | २५,०३९।९२ | | ०.०३ |
| ४ | विषेश वचत | ०।०० | ०।०० | | |
| ५ | मुद्दती वचत | ७५,०००।०० | २६,६०,०००।०० | ०.१३ | ३.९५ |
| | जम्मा | ५,६२,२७,११३।७९ | ६,७२,५६,७८३।९३ | | १९.६१ |

आदरणीय प्रतिनिधि मित्रहरु,

आ.ब. २०६२/६३ को ६ महिनाको प्रगति हेर्दा लक्ष्य प्राप्त गर्न आ.व. को समाप्तिमा पनि असम्भव देखिन्छ । यती हुदाहुदै पनि यथार्थता उजागर गर्नै पर्छ, लक्ष्यमा पुग्न प्रथमतः देशको असहज परिस्थितिले प्रत्यक्ष असर पुऱ्याएको कुरा सबै सामु प्रष्ट नै छ । राज्य व्यवस्थामा प्रजातान्त्रिक पद्धतिमा अवरोध आएपछि सहकारी संघ/संस्थाहरु पनि स्वतः प्रभावित भए र तिनै संघ/संस्थाको मात्र बैकिङ्ग कारोवारमा सम्लग्नता रहने बैंकलाई आफ्नो लक्ष्य प्राप्त गर्न असम्भव भयो । गत साधारणसभाभन्दा पछाडि बैंकले गैऱ्ह सहकारी संघ/संस्थाको निक्षेप ग्रहण गर्न पाउने कानूनी निकास प्राप्त हुनेछ र सरकारको तर्फबाट पनि पूंजीगत सहयोग बृद्धि हुनेछ भन्ने हाम्रो

अपेक्षा अधुरो रहेको मात्र हैन अवरोधहरु श्रृजना भए । अर्को तर्फ राष्ट्र बैंकले तोकिदिएको समय र पूंजीगत सीमाले ठूलो लक्ष्य लिन बाध्य गराएको थियो । यी सबैं विषयमा संचालक समितिमा सुझाव प्रस्तुत गर्ने काम लेखा समितिले गरेको छ, छलफल भएका छन् । आगामी दिनहरुमा नीतिगत निर्णयहरु गर्दा बैंकको ब्याज निर्धारण, खाताको प्रकृति, कर्जा नीति, संजाल विस्तार नीति र विनियम सुधार गर्ने विषयमा संचालक समितिले उपयूक्त समयमा उचित ध्यान पुऱ्याउने छ र बैंक संचालनमा अवरोध बन्ने ऐन नियम परिवर्तन गराउन र सहकारी बैंक ऐन निर्माण गराउने जस्ता कार्यमा सक्रियता साथ जुट्ने छ भन्ने विश्वास लेखा समितिले लिएको छ ।

माथि प्रस्तुत गरिएका विषयहरु र बैंकको आन्तरिक लेखा परीक्षणका आधारमा लेखा समितिलाई महसुस भएका विषयहरु निम्न अनुसार सुझावका रुपमा प्रस्तुत गरिएको छ, यसले बैंकको लेखा पद्धतिलाई अझ चुस्त, दुरुस्त र पारदर्शी राख्न सहयोग पुग्नेछ भन्ने आशा लिएको छ ।

क बैंकले बार्षिक कार्यक्रम पारीत गर्दा चौमासिक आधारमा बिभाजन गर्नु पर्ने र उपलब्धी पनि हरेक चौमासिक आधारमा समीक्षा गर्नु पर्छ । यसो गर्दा प्रथम चौमाशिक पुरा गर्न नसकिएका चौमाशिक लक्ष्यलाई आउने चौमाशिकमा पुरा गर्ने तर्फ ध्यान पुग्न सक्छ र बार्षिक लक्ष्य प्रप्त गर्न सहज हुन्छ भन्ने लेखा समितिको सुझाव रहेको छ ।

ख तीन बर्षको कारोबारको समीक्षा गर्दा बैंक सञ्जाल विस्तार हुंदै गएपछि सेवा प्रदान गर्न र कारोवार बृद्धिमा प्रगति भएको देखिएको हुंदा सञ्जाल बृद्धिको कामलाई प्राथमिकताका साथ अघि बढाउनु पर्ने देखिन्छ ।

ग बैंकले सदस्य संघ/संस्थाको क्षमता बृद्धि तथा आर्थिक कारोवार व्यवस्थित गर्न सक्षम बनाउदै लाने चुस्त, दुरुस्त लेखा राख्न, कर्जा सदुपयोगिता लगायत विषयमा कमसेकम बर्षमा एक पटक अनिवार्य क्षेत्रगत आधारमा तालीम संचालन गर्नु पर्ने, यस्ता कार्यक्रममा बैंकसंग कर्जा लिने संघ/संस्थाहरुलाई अनिवार्य सहभागी गराउने व्यवस्था गर्ने ।

घ बैंकका आर्थिक तथा प्रशासनिक नियामावलीलाई कडाईका साथ पालना गराउनु पर्ने ।

ङ पेश्कीमा गएको रकम तोकिएको शर्त अवधिभित्र फिर्ता गराउने ।

च कर्मचारीलाई पेश्की दिदा पहिलेको फछ्यौट भएपछि मात्र अर्को पेश्की दिन उचित हुने ।

छ समितिका पदाधिकारीले काम विषेशमा पेश्की लिनु दिनु पर्दा कामको औचित्य खोली पेश्की लिनेकै नाममा लेखिदिने ।

अन्तमा माथि उल्लेखित टिप्पणी तथा सुझावहरु उपर गहन छलफल गरी उचित निर्णयमा पुगी कार्यन्वयन हुने अपेक्षा सहित धन्यवाद !

मिति २०६३/०२/२७

ओम प्रकाश शर्मा
संयोजक, लेखा समिति

Shyam Karki & Co.
Chartered Accountants

G.P.O. Box: 13867, Battisputali
Kathmandu, Nepal
Phone No.: 4460357
E-mail: skarkinco@wlink.com.np

## राष्ट्रिय सहकारी बैंक लिमिटेड, नयां बानेश्वरका शेयरसदस्य महानुभावहरु समक्ष पेश गरिएको लेखापरीक्षकको प्रतिवेदन

१. हामीले राष्ट्रिय सहकारी बैंक लिमिटेड, नयां बानेश्वरको यसैसाथ संलग्न ३१ आषाढ २०६२ को वासलात तथा सोही मितिमा समाप्त आर्थिक बर्षको नाफा नोक्सान तथा नगद प्रवाह विवरणको लेखापरीक्षण सम्पन्न गरेका छौं । वित्तीय विवरणहरुप्रतिको उत्तरदायित्व व्यवस्थापनमा रहेको छ । व्यवस्थापनले तयार गरेका ती वित्तीय विवरणहरु उपर लेखापरीक्षणको आधारमा आफनो मन्तव्य जारी गर्नु हाम्रो उत्तरदायित्व हो ।

२. हामीले नेपाल लेखापरीक्षण मान तथा लेखापरीक्षणको सर्वमान्य सिद्धान्तको आधारमा लेखापरीक्षण सम्पन्न गरेका छौं । वित्तीय विवरण सारभूत रुपमा गलत आंकडारहित छ भन्ने कुरामा विश्वस्त हुनका लागि ती लेखापरीक्षण मान अनुसार योजना तयार गरी तदअनुसार लेखापरीक्षण सम्पन्न गर्नु पर्दछ । वित्तीय विवरणमा उल्लेखित रकम र खुलाईएका अन्य विवरणलाई पुष्ट्याई गर्ने प्रमाणको छड्के परीक्षण समेत लेखापरीक्षणमा समावेश हुन्छ । बैंकले अवलम्बन गरेका लेखा सिद्धान्त, व्यवस्थापनले गरेका महत्वपूर्ण अनुमान एवं वित्तीय विवरण प्रस्तुतिको समग्र स्थितिको मुल्याङ्कन पनि लेखापरीक्षणमा समावेश हुन्छ । लेखापरीक्षणले हाम्रो मन्तव्यलाई पर्याप्त आधार प्रदान गर्ने कुरामा हामी विश्वस्त छौं ।

३. उपरोक्त आधारमा लेखापरीक्षण गरी हामीले निम्नानुसारको प्रतिवेदन पेश गरेका छौं :

३.१ लेखापरीक्षणको सम्बन्धमा सोधनी तथा कैफियत तलब गरेका कुराहरुको जवाफ यथाशीघ्र पायौं ।

३.२ यस प्रतिवेदनसंग सम्बन्धित बासलात, नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण एवं तत्सम्बन्धि अनुसूचीहरु बैंकले राखेको लेखासंग दुरुस्त रहेको छ ।

३.३ हाम्रो विचारमा बैंकको हिसाव किताब र लेखा कानून बमोजिम ठीकसंग राखिएका छन् ।

४. हाम्रो राय तथा हामीलाई प्राप्त सूचना तथा दिइएका स्पष्टिकरण अनुसार संलग्न वित्तीय विवरणहरुले सर्वमान्य सिद्धान्त तथा सोही साथ संलग्न लेखासुंग सम्बन्धित नीतिहरुका साथ अध्ययन गर्दा २०६२ आषाढ ३१ गतेको वित्तीय स्थिति, सोही मितिमा समाप्त भएको आर्थिक बर्षको सञ्चालन नतिजा र नगद प्रवाह स्थितिको उचित तथा यथार्थ चित्रण गरेको र यी विवरणहरु प्रचलित सहकारी ऐन २०४८ र अन्य प्रचलित ऐन अनुसार ठीकसंग तयार गरिएको छ ।

५. हाम्रो रायमा तथा हामीलाई प्राप्त जानकारी एवं दिइएका स्पष्टिकरण र कम्पनीको हिसाब किताबको परीक्षणबाट सञ्चालक समिति वा सोका कुनै सदस्य वा कुनै कर्मचारीले कानूनी व्यवस्था विपरीत कामकाज गरेको वा कम्पनीलाई हानी नोक्सानी गरेको वा हिनामिना गरेको हाम्रो जानकारीमा आएन ।

मिति: २०६३।२।७
स्थान: काठमाडौं, नेपाल

Shyam Karki & Co. Kathmandu Nepal Chartered Accountants

श्याम कार्की, एफ.सि.ए.
श्याम कार्की एण्ड कं.
चार्टर्ड एकाउन्टेन्ट्स

# राष्ट्रिय सहकारी बैंक लिमिटेड

२०६२ आषाढ ३१ गतेको

## वासलात

| बिबरण | अनुसूची | यस वर्ष रकम रु. | गत वर्ष रकम रु. |
|---|---|---|---|
| **पूंजी तथा दायित्व** | | | |
| चुक्ता पूंजी | १ | ३८,७१६,१००।०० | ३३,७३१,१००।०० |
| जगेडा तथा कोषहरु | २ | १०,१३८।५५ | ( |
| निक्षेप | ३ | ५६,२२७,११३।७९ | ( |
| चालु दायित्व तथा व्यवस्थाहरु | ४ | ४३४,९८१।९२ | ३७८,५४८।१० |
| कुल पूंजी तथा दायित्व | | ९५,३८८,३३४।२६ | ३४,१०९,६४८।१० |

| बिबरण | अनूसुची | यस वर्ष रकम रु. | गत वर्ष रकम रु. |
|---|---|---|---|
| **सम्पत्ति** | | | |
| नगद तथा बैंक मौज्दात | ५ | ३२,९४७,०६१।०९ | ३१,७७३,२३३।४४ |
| कर्जा तथा लगानी | ६ | ५८,७८९,४९४।०५ | ( |
| स्थिर सम्पत्तिहरु | ७ | २,०६३,८८६।७१ | ३४९,८४१।०५ |
| अन्य सम्पत्तिहरु | ८ | १,५८७,८९२।४१ | १,९८६,५७३।६१ |
| कूल सम्पत्ति | | ९५,३८८,३३४।२६ | ३४,१०९,६४८।१० |

संलग्न प्रतिवेदनको आधारमा

द.........................
राजेशहरि जोशी
अध्यक्ष

द.........................
के. बी. उप्रेती
प्रवन्ध संचालक

द.........................
श्याम कार्की
एफ. सी. ए.
श्याम कार्की एण्ड कम्पनी
चार्टर्ड एकाउन्टेन्ट्स

# राष्ट्रिय सहकारी बैंक लिमिटेड

## मिति २०६१ श्रावण १९ देखि २०६२ असाढ मसान्त सम्मको

## नाफा नोक्सान हिसाब

| गत वर्ष रु | | विवरण | अनुसुची | यस वर्ष रु |
|---|---|---|---|---|
| आम्दानी | | | | |
| | १ | व्याज आम्दानी | | ४,३४०,३१६।२४ |
| | २ | कमिशन तथा डिस्काउण्ट | | ( |
| | ३ | गैर संचालन आम्दानी | | ( |
| | ४ | अन्य आम्दानी | | ४४३,९७०।१३ |
| | | जम्मा | | ४,७८४,२८६।३७ |
| खर्च | | | | |
| | १ | व्याज खर्च | ९ | १,१३४,२९३।७४ |
| | २ | कर्मचारी खर्च | १० | १,२२४,८०५।०० |
| | ३ | कार्यालय संचालन खर्च | ११ | २,१७७,०८३।३८ |
| | ४ | गैर संचालन खर्च | | ( |
| | ५ | असुली हुन नसक्ने कर्जाको अपलेखन | | ( |
| | ६ | जोखीम सम्बन्धी व्यवस्था | | २३२,०११।७० |
| | ७ | कर्मचारी बोनस व्यवस्था | | १,१२६।०० |
| | ८ | आयकर व्यवस्था | | ४,८२८।०० |
| | ९ | खूद नाफा (तल सारेको) | | १०,१३८।५५ |
| | | जम्मा | | ४,७८४,२८६।३७ |

संलग्न प्रतिवेदनको आधारमा

द.................
राजेशहर्ष जोशी
अध्यक्ष

द.....................
के. बी. उप्रेती
प्रवन्ध संचालक

द.....................
श्याम कार्की
एफ. सी. ए.
श्याम कार्की एण्ड कम्पनी
चार्टर्ड एकाउन्टेन्ट्स

Shyam Karki & Co. Kathmandu Nepal Chartered Accountants

# राष्ट्रिय सहकारी बैंक लिमिटेड

## नाफा नोक्सान बांडफांड हिसाब

| गत वर्ष रु | विवरण | यस वर्ष रु | गत वर्ष रु | विवरण | यस वर्ष रु |
|---|---|---|---|---|---|
| | गत वर्षसम्मको संचित नोक्सान | | | गत वर्षसम्मको संचित मुनाफा | |
| | यस वर्षको नोक्सान | | | यस वर्षको मूनाफा | १०,१३८।५५ |
| | साधारण जगेडाकोष | २५३४।६४ | | सञ्चित नोक्सान | |
| | अन्य कोषहरु | ७,६०३।९१ | | | |
| | कर्मचारी सम्बन्धी जगेडाहरु | | | | |
| | प्रस्तावित लाभांश | | | | |
| | सञ्चित मूनाफा | | | | |
| | जम्मा | १०,१३८।५५ | | | १०,१३८।५५ |

# राष्ट्रिय सहकारी बैंक लिमिटेड
## २०६२ आषाढ मसान्त सम्मको
## नगद प्रवाह विवरण

| गत बर्ष रु | विवरण | | यस बर्ष रु |
|---|---|---|---|
| | (क) | संचालन गतिविधिबाट नगद प्रवाह | |
| | | आयकर व्यवस्था अगाडीको नाफा | १०,१३८।५५ |
| | | जोड्ने | ४५७,५१६।११ |
| | १ | स्थिर सम्पत्ति बिक्रीमा नोक्सान | |
| | २ | ह्रासकट्टी | २२५,५०४।४१ |
| | ३ | असुल हुन नसक्ने कर्जाको अपलेखन | |
| | ४ | पूर्व संचालन खर्च अपलेखन | |
| | ५ | लगानीमा संभावित हानी वापत व्यवस्था | |
| | ६ | कर्जा नोक्सानी व्यवस्था | २३२,०११।७० |
| | ७ | अतिरिक्त कर्जा नोक्सान व्यवस्था | |
| | ८ | लगानी समायोजन कोष | |
| | ९ | कर्जा सापटीमा व्याज | |
| | १० | शेयर तथा डिभेञ्चर विक्रिमा नोक्सान | |
| | | घटाउने | |
| | १ | स्थिर सम्पत्ति विक्रिमा नाफा | |
| | २ | लगानीमा समायोजन कोष कमी | |
| | ३ | शेयर तथा डिभेञ्चर विक्रिमा नाफा | |
| | ४ | लगानीबाट आम्दानी | |
| | | समायोजन पछिको नाफा | ४६७,६५४।६६ |
| | | कार्यशिल पूजिंमा भएको परिर्वतन | |
| ५४८,७२२।७६ | १ | निक्षेप हिसाबमा बृद्धि वा कमी | ५६,२२७,११३।७९ |
| | २ | अन्य दायित्वमा वृद्धि वा कमी | (१७५,५७७।८८ |
| ढ१,२४६,०९५।३२ण | ३ | कर्जा सापटीमा कमी वा वृद्धि | (५८,७८९,४९४।०५ |
| | ४ | अन्य सम्पत्तिमा कमी वा वृद्धि | ३९८,६८१।२० |
| | ५ | लगानीमा कमी वा वृद्धि | |
| (६९७,३७२।५६ | | आयकर भुक्तानी अगाडी संचालनबाट नगद प्रवाह | (१,८७१,६२२।२८ |
| | | घटाउने | |
| | | यस आ. व. मा आयकर भुक्तानी | |
| (६९७,३७२।५६ | | कुल संचालन गतिविधिबाट नगद प्रवाह | (१,८७१,६२२।२८ |
| | | | |
| | (ख) | लगानी गतिविधिको नगद प्रवाह | |
| ढ१,२६०,४९४।००ण | १ | स्थिर सम्पत्ति खरिद | (१,९३९,५५०।०७ |
| | २ | स्थिर सम्पत्ति विक्रि | |
| | ३ | शेयर लगानी तथा खरिद वा विक्रि | |
| | ४ | शेयर तथा डिभेञ्चरबाट प्राप्त आम्दानी | |
| (१,२६०,४९४।०० | | कुल लगानी गतिविधिबाट नगद प्रवाह | (१,९३९,५५०।०७ |
| | (ग) | वित्तीय गतिविधिको नगद प्रवाह | |
| | १ | तिर्न बाँकी कर्जा सापटीमा वृद्धि वा कमि | |
| ३३,७३१,१००।०० | २ | चुक्ता शेयर पूजिमा भएको वृद्धि वा बोनश शेयर बाहेक | ४,९८५,०००।०० |
| | ३ | कर्जा तथा सापटीमा ब्याज भुक्तान | |
| | ४ | लाभांश वितरण | |
| ३३,७३१,१००।०० | | कुल वित्तीय गतिविधिबाट नगद प्रवाह | ४,९८५,०००।०० |
| ३१,७७३,२३३।४४ | | कुल गतिविधिबाट नगद प्रवाह ( क + ख+ग ) | १,१७३,८२७।६५ |
| | | जोडने | |
| ( | | गतवर्षको बैक तथा नगद मौज्दात | ३१,७७३,२३३।४४ |
| ३१,७७३,२३३।४४ | | कुल नगद तथा बैक मौज्दात | ३२,९४७,०६१।०९ |

संलग्न प्रतिवेदनको आधारमा

द.........
राजेशहरि जोशी
अध्यक्ष

द.........
के. बी. उप्रेती
प्रबन्ध संचालक

Shyam Karki & Co. Kathmandu Nepal

श्याम कार्की
एफ. सी. ए.
श्याम कार्की एण्ड कम्पनी
चार्टर्ड एकाउन्टेन्ट्स

# राष्ट्रिय सहकारी बैंक लिमिटेड

नयांबानेश्वर, काठमाण्डौं

शेयर पूंजी

(२०६२ आषाढ मसान्त)

अनुसूची १

| गत बर्ष | विवरण | यस बर्ष |
|---|---|---|
| | अधिकृत पूंजी | |
| | ६४०००० साधारण शेयर प्रति शेयर रु १००० | ६४०,०००,०००।०० |
| | जारी पुंजी | |
| | ३२०००० साधारण शेयर प्रति शेयर रु १००० | ३२०,०००,०००।०० |
| | चुक्ता पूंजी | |
| १३,३७५,०००।०० | क वर्ग ( १० देखि ५०० थान ) | १५,६२०,०००।०० |
| ७,९३६,०००।०० | ख वर्ग ( ५०१ देखि २५०० थान ) | ७,९३६,०००।०० |
| २,२७२,५००।०० | ग वर्ग ( २५०१ देखि ५००० थान ) | ५,०२५,५००।०० |
| ०।०० | घ वर्ग ( ५००० भन्दा ) | ०।०० |
| १०,०००,०००।०० | श्री ५ को सरकार | १०,०००,०००।०० |
| १४७,६००।०० | अन्य ( आंशिक भुक्तानी भएको ) | १३४,६००।०० |
| ३३,७३१,१००।०० | | ३८,७१६,१००।०० |

## जगेडा कोष

(२०६२ आषाढ मसान्त)

अनुसूची २

| गत बर्ष | विवरण | यस बर्ष |
|---|---|---|
| | क साधारण जगेडा कोष | २,५३४।६४ |
| | ख अन्य कोष | ७,६०३।९१ |
| ०।०० | | १०,१३८।५५ |

## निक्षेप हिसाब

(२०६२ आषाढ मसान्त)

अनुसुची ३

| गत बर्ष | विवरण | यस बर्ष |
|---|---|---|
| | क मुद्धती | ७५,०००।०० |
| | ख साधारण बचत (मासिक मौज्दात ) | २१,४२६,५२०।६२ |
| | ग साधारण बचत (दैनिक मौन्दात) | १३,३५१,५७०।७५ |
| | घ साधारण बचत (दैनिक मौज्दात रकमको आधारमा ) | २१,३७४,०२२।४२ |
| ०।०० | | ५६,२२७,११३।७९ |

Shyam Karki & Co. Kathmandu Nepal Chartered Accountants

चालु दायित्व तथा व्यबस्थाहरु

(२०६२ आषाढ मसान्त)

अनुसुची ४

| गत बर्ष | विवरण | यस बर्ष |
|---|---|---|
| | चालु दायित्व | २०२,९७०।२२ |
| | अग्रीम कर | ११६,३०७।३२ |
| | निक्षेपमा पाकेको व्याज | ४,४०६।४१ |
| | आयकर व्यबस्था | ४,८२८।०० |
| | कर्मचारी वोनस व्यवस्था | १,१२६।०० |
| ३७८,५४८।१० | सन्ड्री क्रेडिटर्स | ४७,७७८।०८ |
| | मुल्तबी व्याज | १४,५२४।४१ |
| | लेखा परीक्षण शुल्क | १४,०००।०० |
| | व्यबस्थाहरु : | २३२,०११।७० |
| | कर्जा जोखीम कोष | २३२,०११।७० |
| | शाखा हिसाव | ०।०० |
| ३७८,५४८।१० | | ४३४,९८१।९२ |

बैंक तथा नगद मौज्दात

(२०६२ आषाढ मसान्त)

अनुसुची ५

| गत बर्ष | विवरण | यस बर्ष |
|---|---|---|
| ३१,७७३,२३३।४४ | बैंक मौज्दात | २९,०१९,१५३।९१ |
| | नगद | ३,९२७,९०७।१८ |
| ३१,७७३,२३३।४४ | | ३२,९४७,०६१।०९ |

कर्जा तथा लगानी

(२०६२ आषाढ मसान्त)

अनुसुची ६

| गत बर्ष | विवरण | यस बर्ष |
|---|---|---|
| | कर्जा | २३,२०१,१६९।९२ |
| | सहकारीहरुलाई ऋण तथा कर्जा | २३,२०१,१६९।९२ |
| | लगानी | ३५,५८८,३२४।१३ |
| | संघसंस्थाहरुमा लगानी | ३५,५८८,३२४।१३ |
| ०।०० | | ५८,७८९,४९४।०५ |

Shyam Karki & Co. Chartered Accountants Kathmandu Nepal

# राष्ट्रिय सहकारी बैंक लिमिटेड
## नयाँबानेश्वर, काठमाण्डौं
### स्थिर सम्पत्तीको बिबरण
२०६२ आषाढ मसान्त

| क.स. | विवरण | परलमोल | | | | | ह्रास · कट्टी | | | | आ.व ०६१/६२ को बाकि मौज्दात |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | शूरु मैज्दात | यस बर्षको थप | यस बर्षको घटि/अपलेखन | जम्मा | प्रतिशत | शूरु मौज्दात | यस बर्षको थप | यस बर्षको घटि/अप | जम्मा | |
| | | | | | | | | | | | |
| १ | कम्प्युटर | ३१६,५३०।०० | ६५८,४१४।०० | ०।०० | ९७४,९४४।०० | १०% | ०।०० | ९७,४९४।४० | ०।०० | ९७,४९४।४० | ८७७,४४९।६० |
| २ | फर्नीचर तथा फिक्सर | १०,८३५।०५ | १,१७८,५४१।०७ | ०।०० | १,१८९,३७६।१२ | १०% | ०।०० | ११७,७५०।५१ | ०।०० | ११७,७५०।५१ | १,०७१,६२५।६१ |
| ३ | अफिस सामान | २२,४७६।०० | १०२,५९५।०० | ०।०० | १२५,०७१।०० | १०% | ०।०० | १०,२५९।५० | ०।०० | १०,२५९।५० | ११४,८११।५० |
| | जम्मा | ३४९,८४१।०५ | १,९३९,५५०।०७ | ०।०० | २,२८९,३९१।१२ | | ०।०० | २२५,५०४।४१ | ०।०० | २२५,५०४।४१ | २,०६३,८८६।७१ |

Kathmandu
Nepal
Chartered Accountants

## विविध सम्पत्ति
(२०६२ आषाढ मसान्त)

अनुसुची ८

| गत बर्ष | विवरण | यस बर्ष |
|---|---|---|
| ५,०००।०० | टेलिफोन धरौटी | १०,०००।०० |
| | कर्मचारी पेश्की | ५६७,४८७।०९ |
| | लगानीमा असुल गर्नु पर्ने ब्याज | १४,५२४।४१ |
| १,०५६,६८६।०० | अन्य आसामीहरु | ०।०० |
| | मसलन्द मौज्दात | ७०,९९३।३० |
| ९२४,८८७।६१ | अपलेखन हुन बांकी खर्च | ९२४,८८७।६१ |
| १,९८६,५७३।६१ | | १,५८७,८९२।४१ |

## ब्याज खर्च
(२०६२ आषाढ मसान्त)

अनुसुची ९

| गत बर्ष | विवरण | यस बर्ष |
|---|---|---|
| | मुद्धति | ४,९४७।९५ |
| | साधारण बचत (न्यूनतम मौज्दात ) | ६१६,४७०।१८ |
| | साधारण बचत (दैनिक मौज्दात ) | ३१४,३१९।४० |
| | साधारण बचत (रकमको आधारमा ) | १९८,५५६।२१ |
| ०।०० | | १,१३४,२९३।७४ |

## कर्मचारी खर्च
(२०६२ आषाढ मसान्त)

अनुसुची १०

| गत बर्ष | विवरण | यस बर्ष |
|---|---|---|
| | तलब खर्च | ९४८,४४९।०० |
| | यातायात | ९४,१४४।०० |
| | संचयकोष | ३१,३१५।०० |
| | तालिम | ९१,७६८।०० |
| | पोशाक | ३६,६२८।०० |
| | दशै खर्च | १३,०००।०० |
| | अन्य | ९,५०१।०० |
| ०।०० | जम्मा | १,२२४,८०५।०० |

Shyam Karki & Co. Chartered Accountants Kathmandu Nepal

## व्यवस्थापन खर्च
(२०६२ आषाढ मसान्त)

अनुसुची ११

| गत बर्ष | विवरण | यस बर्ष |
|---|---|---|
| | घर भाडा | २७४,२६०।०० |
| | विमा | १२,०१०।०० |
| | वत्ति, विजुली र पानी | २४,२९८।०० |
| | टेलीफोन, फयाक्स र टिकट | ५७,१३९।०० |
| | छपाई तथा मशलन्द | ११२,६८३।२० |
| | पत्रपत्रिका | ८,१७४।०० |
| | विज्ञापन तथा प्रवर्द्धन | ३१०,०३२।०० |
| | सुरक्षा | ३७,६४०।०० |
| | इन्धन खर्च | १,६१६।०० |
| | नखप्ने सामान | ५४,८७३।१० |
| | भ्रमण खर्च | ४४,७२५।५० |
| | सूचना तथा संचार | २३,५५०।०० |
| | अतिथी सत्कार | ७२,५९८।८२ |
| | विविध खर्च | २३,७३५।०० |
| | यातायात खर्च | ४,९९८।०० |
| | फर्निसिङ्ग | ३३,३४६।७२ |
| | मर्मत तथा संभार | २४,०४८।०० |
| | साधारणसभा खर्च | ४६६,४३६।३८ |
| | बैठक खर्च | २०५,०७२।५० |
| | शाखा विस्तार | १,९६०।०० |
| | कार्यक्रम खर्च | १४४,३८२।७५ |
| | ह्रास कट्टी | २२५,५०४।४१ |
| | लेखापरीक्षण शुल्क | १४,०००।०० |
| ०।०० | जम्मा | २,१७७,०८३।३८ |

Shyam Karki & Co. Kathmandu Nepal Chartered Accountants

# प्रमुख लेखा नीतिहरु

अनुसूची १२

१. प्रस्तुतीकरणको आधार

क) बैंकले आर्थिक कारोबारहरु लेखाको सर्वमान्य सिद्धान्त र निरन्तरताको सिद्धान्त ( Accrual Concept ) को लेखा नीतिलाई आधार मानी तयार पारिएको छन् ।

२. स्थीर सम्पत्तिमा ह्रास कट्टी

क) स्थीर सम्पत्तिको लेखा ऐतिहासिक मुल्य अवधारणा ( Historical Cost Concept ) को आधारमा राखिएको छ ।

ख) स्थीर सम्पत्तिको ह्रास कट्टी घट्दो लेखा प्रणाली अनुसार व्यवस्थापनले तोकेको दरमा कट्टा गरिएको छ, जुन आयकर ऐनमा तोकिएको दरभन्दा फरक रहेको छ ।

३. आयकर ब्यवस्था

क) बैंकले यस आर्थिक बर्षको करयोग्य आयबाट आयकर वापत रु ४,८२८।०० को व्यवस्था गरिएको छ ।

४. अपलेखन खर्च

क) पूर्व सञ्चालन खर्चमध्ये यस आ. व. मा सम्पूर्ण खर्चहरुको बील भरपाई प्राप्त भई नसकेकोले कुल पूर्व सञ्चालन खर्च र सो वापतको दायित्व ऐकिन हुन सकेन । उक्त खर्चमा बृद्धि हुन सक्ने भएकोले यस आ.व.सम्ममा यर्स खर्चलाई ऐकिन गरी आगामी आ.व. देखि पांच बर्षभित्र अपलेखन गरिनेछ ।

५. व्याज दिने लिने

क) कर्जा तथा सापटमा पाकेको व्याजलाई नगद प्राप्तिको आधारमा ( Cash Basis ) व्याज आम्दानी लेखाङकन गरिएकोछ

ख) निक्षेपमा दिइने व्याज ३६५ दिनलाई १ वर्षको आधारमानी ( Accural Basis ) लेखाङकन गरिएकोछ ।

ग) खाताको प्रकृति अनुसार ६/६ महिना र १ वर्षमा व्याज दिने गरिएको छ ।

७. शाखा हिसाब

शाखा हिसाबलाई केन्द्रीकृत गरिएको छ ।

८. शेयर हिसाब

शेयर बापत आंशिक रुपमा जम्मा हुन आएको रकमलाई पनि शेयर पूंजीमा समावेश गरिएको छ ।

९. सम्भावित नोक्सानी व्यवस्था

कर्जाको वर्गिकरण गरी संम्भावित कर्जा नोक्सानीको लागि सोही अनुरुप जोखिम कोषको व्यवस्था गरिएको छ ।

१०. गत आ.व. का अनुसूचीहरु, शीर्षक तथा उप शीर्षकहरुलाई आवश्यकता अनुसार पुर्नवर्गीकरण गरिएको छ ।

Kathmandu Nepal
Chartered Accountants

# राष्ट्रिय योजना आयोगका तत्कालीन सदस्य डा. युवराज खतिवडाको संयोजकत्वमा निर्मित राष्ट्रिय सहकारी बैंक र बचत तथा ऋण सहकारी संस्थाको सञ्चालनका लागि उपयुक्त कानूनी स्वरुप र संस्थागत व्यवस्थासम्बन्धी अध्ययन समिति २०६१ ले प्रतिवेदनमा उल्लेख गरेका सुझावहरुको सारांश

## सुझावहरुको सारंश

१. राष्ट्रिय सहकारी बैंक, नेपाल राष्ट्र बैंकबाट स्वीकृतिप्राप्त वित्तीय सहकारी संस्थाहरु र बचत तथा ऋण सहकारी संस्थाहरूको नियमन तथा सुपरीवेक्षण गर्न दोस्रो तहको संस्था (Second Tier Institution-STI) स्थापना गर्नुपर्ने,

२. STI गठन नहुन्जेलसम्म राष्ट्रिय सहकारी बैंक, नेपाल राष्ट्र बैंकको नियमन, निरीक्षण तथा सुपरिवेक्षणमा रहने व्यवस्था गर्नुपर्ने र नेपाल राष्ट्र बैंकको नियमनमा रहेपछि संस्थागत निक्षेप र ऋण तथा सस्तो व्याजको वित्तीय स्रोत (अन्तर्राष्ट्रिय ऋण तथा अनुदान) समेतमा पहुँच दिनसकिने,

३. STI गठन नभए वा सो कार्यमा निकै समय लाग्नसक्ने भए बचत तथा ऋण सहकारी संस्थाको स्थापना, सञ्चालन, नियमन, निरीक्षण तथा नियन्त्रण (गलत कार्य गर्नबाट) का लागि र राष्ट्रिय सहकारी बैंकलाई सुसञ्चालन गर्न र नेपाल राष्ट्र बैंकको नियमनमा राख्न सहकारी ऐन, २०४८ मा आवश्यक संशोधन गर्नुपर्ने,

४. बचत तथा ऋण र अन्य सहकारी संस्थाहरूको विकासका लागि "सहकारी बैंक ऐन" को तर्जुमा गरी लागू गर्नुपर्ने,

५. STI गठन भएपछि नेपाल राष्ट्र बैंकले इजाजत प्रदान गरेका संस्थाहरूको लागि छुट्टै कुनै व्यवस्था गर्नु नपर्ने तर सो नभएसम्म नेपाल राष्ट्र बैंकले यथावत् नियमन, निरीक्षण तथा सुपरिवेक्षण गरिनै रहनुपर्ने,

६. सहकारी संस्था नियमन तथा अनुगमनसम्बन्धी नीति निर्देशन तयार गर्न कृषि तथा सहकारी मन्त्रालय/सहकारी विभागअन्तर्गत सरोकारवाला निकायका प्रतिनिधिहरू सम्मिलित उच्चस्तरीय समिति गठन गर्नुपर्ने,

७. समितिका सदस्य संस्थाहरूबाट केही दक्ष व्यक्तिहरू सहकारी विभागमा काजमा खटाई त्यस्ता कर्मचारी र सहकारी विभागका कर्मचारीहरूलाई तालीमको व्यवस्था गरी केही बचत तथा ऋण सहकारी संस्थाहरूको निरीक्षण कार्य तत्कालै शुरू गर्नुपर्ने,

८. सहकारी शिक्षा र तालीमलाई विस्तार गर्न हालको प्रशिक्षण केन्द्रलाई "राष्ट्रिय सहकारी प्रशिक्षण प्रतिष्ठान" को रुपमा विकसित गर्ने र सो प्रतिष्ठान संचालन गर्न सहकारी तालीम परिषद् गठन गर्नुपर्ने,

९. सम्बन्धित विषयगत जिल्लास्तरीय सहकारी संघ र जिल्ला सहकारी संघहरूलाई स्थानीयस्तरको स्वनियमनकारी निकायको रुपमा विकसित गर्नुपर्ने र सम्बन्धित विषयगत जिल्ला एवं केन्द्रीय संघ र राष्ट्रिय सहकारी संघमा अनिवार्य संबद्धता लिने/दिने व्यवस्था गर्नुपर्ने,

१०. सहकारी संस्थाहरू तथा राष्ट्रिय सहकारी बैंक निजी क्षेत्रका संगठित निकाय (Corporate Body) नभई सहकारी निकाय (Co-operate Body) भएको र तिनको प्रमुख उद्देश्य मुनाफा आर्जन नभएकाले महानगरपालिका, उपमहानगरपालिकाहरू तथा उपमहानगरपालिका उन्मूख नगरपालिकाहरू बाहेक अन्यत्र स्थापित सहकारी संस्थाहरूलाई संस्थागत कर (Corporate Tax) नलगाउने र कर लाग्ने क्षेत्रहरूमा पनि सहकारी कर (Co-operative Tax) लगाई बढीमा १० प्रतिशत मात्र करको दर कायम गर्नुपर्ने,

११. ग्रामीण र शहरी क्षेत्रका लागि नियमनकारी सीमा (Regulatory Threshold) कायम गरी सोभन्दा कम कारोवार गर्ने संस्थालाई स्तर निर्धारणसम्बन्धी स्वनियमन मापदण्ड (Self-regulatory Standard) निर्धारण गरी सोभित्रै रहन दिनुपर्ने,

१२. विद्यमान बचत तथा ऋण सहकारी संस्थाहरूमध्ये कुनै संस्था सहकारी सिद्धान्त र वित्तीय [illegible] पाइएमा सकभर सहकारी पद्धतिकै रुपमा सुदृढ हुन आवधिक रुपमा उत्प्रेरित गर्ने र सो [illegible] नरहने गरी एक पटकका लागि कम्पनीमा रुपान्तरण हुने व्यवस्था गर्ने,

१३. बचत तथा ऋण सहकारी संस्थाले PEARLS Rating प्रणाली र अन्य सहकारी [illegible] वित्तीय अनुपातहरू (Ratios) लागू गर्नुपर्ने,

१४. बचत तथा ऋण सहकारी संस्थाहरूले सामाजिक सुरक्षाका कार्यहरुका अतिरिक्त लघु जोखिम बहन (बीमा जस्तै) सम्बन्धी कार्य गर्नसक्ने व्यवस्था हुनुपर्ने, "बीमा" शब्द प्रयोगका लागि बीमा आचार संहिताको व्यवस्था गर्नुपर्ने,

१६. बचत तथा ऋण सहकारी संस्थाहरूमा निक्षेप तथा ऋणका लागि अधिकतम सीमा तोक्नुपर्ने,

१७. बचत तथा ऋण सहकारी संस्था दर्तासम्बन्धी निश्चित मापदण्ड १५ दिनभित्र तयार गरी ७५ वटै जिल्लामा दर्ता प्रक्रिया तत्काल शुरुगर्ने । सहकारी कार्यालयहरू नभएका जिल्लाहरूमा कृषि कार्यालयमार्फत् सो दर्ता गर्ने व्यवस्था गर्ने । यसका लागि आवश्यक परे सहकारी ऐनमा समेत संशोधन गर्ने । सहकारी कार्यालयहरू भएका जिल्लाहरूमा पनि दरवन्दी अनुरुप कर्मचारी व्यवस्था गर्ने ।

१८. सहकारी कार्यालयहरू अवस्थित नभएका जिल्लाहरूमा बचत तथा ऋण सहकारी संस्था दर्ता तथा नियमनसम्बन्धी कार्य गर्न कृषि कार्यालयहरुमा थप कर्मचारीको व्यवस्था गरी तालीम प्रदानगर्ने । बचत तथा ऋण सहकारिताबारे तालीमप्राप्त कर्मचारीहरूमार्फत् यी कार्यालयहरूले पनि बचत तथा ऋण कारोवारसम्बन्धी संस्थाहरू दर्ता तथा नियमन गर्नुपर्ने,

१९. बहुउद्देश्यीय सहकारी संस्थाको रुपमा दर्ता भएर बचत तथा ऋण सहकारीको मात्र कार्य गर्न नपाउने, सो गर्ने भए निश्चित अवधिभित्र अन्य कार्यहरू त्यागनुपर्ने,

२०. बचत तथा ऋण सहकारी संस्थाका शाखाहरू जुनजुन क्षेत्रमा कार्यरत छन् ती शाखाहरूलाई दुई वर्षभित्र प्रारम्भिक सस्थाको रुपमा विकसित गर्ने । यो कार्य सहकारी विभाग र सम्बन्धित संस्थाले गर्ने,

२१. सहकारी बैंक ऐन वा STI गठन नहुन्जेल नेपाल राष्ट्र बैंकबाट स्वीकृतिप्राप्त वित्तीय सहकारी संस्थाहरुबारेको व्यवस्था यथावत रहन दिने,

२२. बचत तथा ऋण सहकारी संस्थाको संचालक समितिको गठन विधि, संचालकको पदावधि, नयाँ निर्वाचनबाट आउनसक्ने संचालकहरु, कार्यकारी संचालकहरुको संख्या/अनुपात र कार्यविधिबारे एकरुपता ल्याउने गरी नियम बनाउनुपर्ने,

२३. बचत तथा ऋण सहकारी संस्थाहरू एकीकरण हुनसक्ने कानूनी व्यवस्थालाई व्यावहारिक तुल्याउन कार्यविधिहरू सरल तुल्याउनुपर्ने,

२४. भ्रष्टाचार निवारण ऐनमा राष्ट्र सेवकले सहकारी संस्थाको सदस्य बन्न नपाउने व्यवस्था भएकोमा त्यसमा संशोधन गरी सदस्य बन्न पाउने व्यवस्था गर्ने,

२५. नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ७६ मा सबै प्रकारको निक्षेप लिने र कर्जा दिने कारोवार गर्न बैंकको स्वीकृत लिनुपर्ने प्रावधानमा संशोधन गरी "समूहमा आधारित बाहेक" भन्ने वाक्यांश थप्नुपर्ने,

२६. लगातार तीन आर्थिक वर्षसम्म लेखापरीक्षण नगराउने र साधारणसभा नबसाल्ने सहकारी संघ संस्थाहरूको निर्धारित प्रक्रिया पूरा गरी दर्ता खारेज हुने व्यवस्था गर्ने,

२७. यो प्रतिवदन कार्यान्वयनका लागि सहकारी विज्ञहरू समावेश भएको एक उच्चस्तरीय अनुगमन समिति गठन गरी सोमार्फत् समयबद्ध कार्य तालिका बनाई सुझावहरू कार्यान्वयन गर्दैजाने,

२८. STI गठन नहुन्जेल बचत तथा ऋण सहकारी संस्थाको अनुगमन गर्न गठित समितिमार्फत् नै अनुगमनको कार्य निरन्तर गर्ने,

२९. विभिन्न विकास परियोजनाअन्तर्गत गठित समूहहरूलाई सहकारीकरण गर्न गठित समितिमार्फत् नै अनुगमनको कार्य निरन्तर गर्ने,

३०. बचत तथा ऋण सहकारी संस्थाहरूको ऋण असूली कार्यलाई सघाउ पुऱ्याउन यस्ता सहकारी संस्थाहरूलाई पनि ऋण असूली ऐनको संयन्त्रमा समावेश गर्ने,

३१. सहकारी संस्थाहरूबाट सरकारले वस्तु वा सेवा खरीद गर्दा वा सरकारको सम्पत्ती वा सेवा सहकारी संस्थालाई बिक्री गर्दा आर्थिक कार्यविधिको प्रक्रिया (टेण्डर, कोटेशन आदि) अबलम्बन गरी राख्नुनपर्ने गरी आर्थिक प्रशासन नियमावलीमा संशोधन गर्ने ।

# तत्कालीन कृषि तथा सहकारीमन्त्री श्री होमनाथ दाहालको अध्यक्षतामा गठीत सहकारी क्षेत्र सुधार सुझाव उच्चस्तरीय समिति २०६१ ले प्रतिवेदनमा उल्लेख गरेका सुझावहरूको सारांश

## सुझावहरूको सारंश

१. निजी क्षेत्रको लगानी आकर्षण हुन नसकेका र आर्थिक विकासको प्रवाहमा नसमेटिएका क्षेत्रहरू समेतमा स्थानीय जनताहरूको स्व:स्फूर्त प्रयासबाट आफै व्यावसाहिक सेवाको उपभोग गर्नसक्ने सहकारी उद्यमहरूको बाहुल्यता कायम गर्ने ।

२. सुधारसहित्को न्यायोचित विकासबाट गरिबी निवारणमा योगदान पुऱ्याई सु-संस्कृत, आधुनिक, प्रजातान्त्रिक एवं प्रतिस्पर्धान्मक क्षमतायुक्त समाजको सिर्जना गर्ने ।

३. खुल्ला बजार अर्थव्यवस्थामा गरिबी निवारणका लागि लक्षित वर्ग, समुदाय र जनतालाई सशक्तिकरण गरेर सामुहिक रुपमा आर्थिक तथा सामाजिक विकास गर्ने प्रणालीको रुपमा स्थापित गर्न सहकारी क्षेत्रलाई देशको अर्थतन्त्रको आधारभूत एवं महत्त्वपूर्ण क्षेत्रको रुपमा अंगिकार गर्ने गरी राज्यले सार्वजनिक प्रतिवद्धता सहित राष्ट्रिय सहकारी नीति २०६१ सार्वजनिक गर्ने ।

४. सहकारीताका सिद्धान्त र उदार अर्थनीति अनुरुप व्यावसायिक सोचका आधारमा स्व:स्फूर्त सहकारी सस्थाहरू विकसित गरी विकासको मूल प्रवाहमा नसमेटिएका समुदाय लगायतलाई सहकारी पहिचानका आधारहरू किटान गर्ने ।

५. सहकारी संघ संस्थाहरूमा व्यवसायिक व्यवस्थापनको विकास, संस्थागत वित्तीय पहुंचमा बृद्धि गरी सहकारी व्यवसायलाई उत्पादनमुखी र प्रतिस्पर्धी बनाउँदै सदस्यहरूको सामाजिक तथा आर्थिक हितमा केन्द्रीत व्यवसायिक सँगठनको रुपमा विकसित गर्ने ।

६. सहकारी क्षेत्रमा कार्यरत जनशक्ति (सरकारी कर्मचारी, संघ/संस्थाका साधारण सदस्य, संचालक र कर्मचारी) लाई समेटेर आवश्यक दक्ष जनशक्ति र विशेषज्ञता (Specialization) को विकास गर्ने ।

७. सहकारी संघ/संस्थाहरूको संस्थागत सुदृढीकरण र व्यवसायिक व्यवस्थापन क्षमता वृद्धि गर्न मागअनुसारको व्यवसायिक तथा व्यवस्थापकीय क्षमता बृद्धिका लागि अद्यावधिक सूचना उपलब्ध हुने व्यवस्था मिलाउने ।

८. सहकारी क्षेत्रको विकाससँग सम्बन्धित विषयगत र वस्तुगत तथ्याङ्क संकलन एवं संप्रेषण गरी यस क्षेत्रको व्यवसायिक तथा व्यवस्थापकीय क्षमता बृद्धिका लागि अद्यावधिक सूचना उपलब्ध हुने व्यवस्था मिलाउने ।

९. सहकारी मूल्य, मान्यता र सिद्धान्तबमोजिम संचालित सहकारी संघ/संस्थालाई संस्थागत कर (Corporate tax) नलाग्ने कानूनी व्यवस्था गर्ने ।

१०. कृषि उत्पादन गर्ने, कृषि उपजको प्रशोधन र अन्य मूल्य अभिवृद्धि (Value Addition) को कारोवार गर्ने, उपजका अग्र-पृष्ठ सम्बन्ध (Forward - Backward Linkage) को विकासबाट सम्पूर्ण कर छुटलगायत् अन्य छुट सुविधासमेत दिने । त्यस्ता सहकारी संघ/संस्थाहरूलाई कृषि नीति र कृषि क्षेत्रका आयोजनाहरूसँग सम्बद्ध गरी थप सहुलियतको व्यवस्था गर्ने ।

११. ग्रामीण क्षेत्रमा गरिने कृषि/ग्रामीण सडक एवं पूर्वाधार विकासका कार्यक्रमलाई सहकारी व्यवस्थापनमा आवद्ध गराउने र कृषि बजार विकासका संरचना निर्माण एवं संचालनमा उत्पादक कृषकका सहकारी संस्थाहरूलाई प्रत्यक्ष संलग्न गराउने व्यवस्था मिलाउने ।

१२. सहकारी क्षेत्र खासगरी कृषि क्षेत्रसँग सम्वद्ध सहकारी र सरकारवीच साझेदारी बढाउन सरकार- सहकारी साझेदारी विकासमा जोड दिने ।

१३. सहकारी क्षेत्रमा कार्यरत् विभिन्न निकायहरू - सहकारी संघ/संस्थाहरू र तिनीहरूले सम्पादन गर्ने कार्यको प्रभावकारी अनुगमन तथा मूल्याङ्कन गरी उनीहरूको कार्य अवस्थाका बारेमा सुसूचित गराउने व्यवस्था गर्ने ।

१४. सहकारी संघ/संस्थाहरू कानूनी रुपमा स्वायत्त र स्वतन्त्र संस्था हुन । कानूनको पालना गर्नु सहकारीकर्मीको कर्तव्य हो भने सहकारी सिद्धान्तको आधारमा संस्था र व्यवसाय संचालन गर्नु उनीहरूको नैतिक दायित्व हो । यसै मान्यता अनुरुप सरकारको भूमिका, पूर्वाधार विकास, सहजीकरण, नियमन, प्रवर्द्धन र अनुगमनमा सीमित गर्नुका साथै कानूनी व्यवस्थाद्वारा सहकारी क्षेत्रमा स्व:नियमन र आन्तरिक नियन्त्रणको पद्धति स्थापित गर्ने ।

१५. सहकारी संघहरूको वर्तमान संरचना प्रतिनिधिमूलक र व्यवसायिक तुल्याउन सहकारी ऐन, २०४८ मा आवश्यक संशोधन गर्ने ।

१६. सहकारी क्षेत्रको दीर्घकालीन तथा अल्पकालीन नीति निर्माण र कार्यान्वयनको उच्च तहबाट दृढ प्रतिबद्धता सहित सरकारी तथा वैदेशिक सहयोग आकर्षणको वातावरण सिर्जना गर्न हालको कृषि तथा सहकारी मन्त्रालयको सट्टा बेग्लै सहकारी मन्त्रालय स्थापना गर्ने । सो व्यवस्था नहुञ्जेलसम्म कृषि तथा सहकारी मन्त्रालयमा सह-सचिवस्तरको मातहतमा आवश्यक कर्मचारी रहने गरी सहकारी विकास तथा समन्वय महाशाखा स्थापना गर्ने ।

१७. नेपाल अधिराज्यका सम्पूर्ण जिल्लाहरूमा सहकारी कार्यालय खोली दक्ष जनशक्ति तथा भौतिक सुविधायुक्त बनाउनुपर्ने । सो हुन नसकेको अवस्थामा जिल्ला कृषि विकास कार्यालय वा जिल्ला विकास समितिको कार्यालयमा सहकारी इकाई स्थापना गरी कर्मचारीहरूको व्यवस्था गर्ने ।

१८. केन्द्रीय सहकारी प्रशिक्षण केन्द्र र क्षेत्रीय सहकारी प्रशिक्षण केन्द्रहरूलाई समेट्ने र राष्ट्रिय सहकारी विकास वोर्डलाई समायोजन गर्ने गरी "राष्ट्रिय सहकारी प्रशिक्षण तथा अनुसन्धान प्रतिष्ठान" छुट्टै ऐनद्वारा व्यवस्था गरी एक स्वायत्त प्राज्ञिक निकायको रुपमा विकसित गर्ने । वोर्डमा रहेको सहकारी विकास कोषलाई राष्ट्रिय सहकारी प्रशिक्षण तथा अनुसन्धान प्रतिष्ठानमा राख्ने र यस कोषमा रहेको रकमलाई वीजपूँजी वा आवर्ति कोष (Seed Money or Revolving Fund) को रुपमा परिचालन गर्ने ।

१९. राष्ट्रिय सहकारी बैंक केन्द्रीय तहका संस्थाको रुपमा रहने र अन्य वाणिज्य बैंक सरह आफ्ना सदस्य संस्थाहरूसँग बैंकिङ्ग कारोवार गर्न नेपाल राष्ट्र बैंकले अनुमति दिने व्यवस्था गर्ने ।

२०. सहकारी संस्थाहरूको विकासका लागि "सहकारी बैंक ऐन" तर्जुमा गरी लागूगर्ने र राष्ट्रिय सहकारी बैंकलाई नेपाल राष्ट्र बैंकको नियमन, निरीक्षण तथा सुपरिवेक्षणमा रहने व्यवस्था गर्ने ।

२१. विद्यमान बचत तथा ऋण सहकारी संस्थाहरूमध्ये कुनै संस्था सहकारी सिद्धान्त र वित्तीय अनुशासनमा नरहेको पाइएमा त्यस्ता संस्थाहरूलाई सहकारी सिद्धान्त अनुरुप परिचालन गराउने । त्यसरी परिचालन हुन नसकेका संस्थाहरू कम्पनीमा रुपान्तरण हुन चाहेमा परम्परा कायम नरहने गरी एक पटक कम्पनीमा जानसक्ने व्यवस्था गर्ने ।

२२. बचत तथा ऋण सहकारी संस्थाहरूको ऋण असूली कार्यलाई सघाउ पुऱ्याउन यस्ता सहकारी संस्थाहरूलाई पनि बैंक तथा वित्तीय संस्थाको ऋण असूली समेट्न नसकेको अवस्थामा सहकारी ऐनमा सहकारी ऋण असूलीसम्बन्धी बेग्लै परिच्छेदको व्यवस्था गर्ने र सहकारी न्यायधीकरण (Cooperative Tribunal) को व्यवस्था गर्ने ।

# टिप्पणी

# टिप्पणी




बैंक उद्घाटन कार्यक्रमको एक झलक




राष्ट्रिय सहकारी बैंक लिमिटेडको प्रथम वार्षिकोत्सवको एक झलक

# अन्तर्राष्ट्रिय मान्यताप्राप्त सहकारिताका मूल्य तथा सिद्धान्तहरू

**१. परिभाषा:**

सहकारी संस्था संयुक्त स्वामित्व तथा प्रजातान्त्रिक रूपमा नियन्त्रित व्यवसायमार्फत् आफ्ना साझा आर्थिक, सामाजिक र सांस्कृतिक आवश्यकता तथा आकाङ्क्षाहरू परिपूर्ति गर्न स्वेच्छिक रूपमा एकजुट हुने व्यक्तिहरूको स्वायत्त संगठन हो ।

**२. मूल्य:**

सहकारी संस्थाहरू स्वावलम्वन, स्व-उत्तरदायी, प्रजातान्त्रिक, समानता, न्याय र ऐक्यवद्धताका मूल्यहरूमा आधारित छन् । आफ्ना संस्थापकहरूको परम्परामा सहकारी संस्थाका सदस्यहरूले इमान्दारिता, खुलापन, सामाजिक दायित्व र अरूको चासो राख्ने नैतिक मूल्यहरूमा विश्वास राख्छन् ।

**३. सिद्धान्त:**

सहकारी सिद्धान्तहरू सहकारी संस्थाहरूद्वारा आफ्ना मूल्यहरूलाई व्यवहारमा उतार्ने मार्गदर्शनहरू हुन् ।

*क) पहिलो सिद्धान्त : स्वेच्छिक तथा खुला सदस्यता:*

सहकारी संस्थाहरू स्वेच्छिक संगठन हुन् । यी संस्थाहरूबाट प्राप्त हुने सेवा उपयोग गर्नसक्ने र सदस्यताको जिम्मेवारी वहन गर्नचाहने सबै व्यक्तिहरूको लागि सदस्यता खुला रहन्छ । यी संस्थाहरूमा प्रवाह गर्ने सेवा उपयोग गर्नसक्ने र सदस्यताको जिम्मेवारी वहन गर्नसक्ने सबै व्यक्तिहरूको लागि सदस्यता खुला रहन्छ । यी संस्थाहरूमा लिङ्ग, सामाजिक, जातीय, राजनैतिक वा धार्मिक भेदभाव रहदैन ।

*ख) दोस्रो सिद्धान्त: सदस्यहरूद्वारा प्रजातान्त्रिक नियन्त्रण :*

सहकारी संस्थाहरू आफ्ना सदस्यहरूद्वारा नियन्त्रित प्रजातान्तिक संगठन हुन् । यी संस्थाका सदस्यहरू आफ्नो संस्थाको नीति तय गर्न र निर्णय गर्नमा सक्रिय रूपमा सहभागी बन्छन् । निर्वाचित प्रतिनिधिको रूपमा सेवा गर्ने महिला तथा पुरुषहरू आफ्ना संस्थाका सदस्यहरूप्रति उत्तरदायी हुन्छन् । प्रारम्भिक संस्थाहरूमा एक व्यक्ति एक मतको आधारमा सदस्यहरूको समान मताधिकार हुन्छ भने अन्य तहका सहकारी संस्थाहरू पनि प्रजातान्त्रिक आधारमा गठन गरिन्छ ।

*ग) तेस्रो सिद्धान्त: सदस्यको आर्थिक सहभागिता :*

सहकारी संस्थाका सदस्यहरू आफ्नो संस्थाको पूँजीमा न्यायिक रूपमा सहभागी हुन्छन् र यस पूँजीमाथि नियन्त्रण राख्छन् । कम्तिमा खासगरी यस पूँजीको केही भाग सहकारी संस्थाको साझा सम्पत्ति हुन्छ । यस संस्थामा बचत (नाफा) भएमा सदस्यहरूले आफ्नो सदस्यताको लागि चुक्ता गरेको शेयर पूँजीमा सीमित बचत फिर्ता पाउँछन् । यी सदस्यहरूले निम्न केही वा सबै उद्देश्य प्राप्तिका लागि बचत रकम छुट्याउँछन् ।

१. आफ्नो संस्थाको विकास गर्न,
२. कम्तीमा अभिभाज्य हुने गरी जगेडा कोष खडा गर्न,
३. संस्थासँग आफ्नो कारोवारको अनुपातमा सदस्यहरूलाई लाभ पुऱ्याउन, र
४. सदस्यहरूद्वारा स्वीकृत अन्य कार्यहरूमा सघाउन

*घ) चौंथो सिद्धान्त: स्वायत्तता र स्वतन्त्रता :*

सहकारी संस्थाहरू आफ्ना सदस्यहरूद्वारा नियन्त्रित स्वायत्त तथा स्वावलम्वी संगठनहरू हुन् । यी संस्थाहरूले वाह्य स्रोतबाट पूँजी सङ्कलन गर्न सरकारलगायत् अन्य संगठनहरूसँग सम्झौता गर्दा यी संस्थाहरू आफ्ना सदस्यहरूद्वारा प्रजातान्त्रिक नियन्त्रण तथा आफ्ना स्वायत्तता कायम राख्नसक्ने शर्तमा विश्वस्त हुनुपर्छ ।

*ङ) पाँचौं सिद्धान्त: शिक्षा, तालीम र सूचना :*

सहकारी संस्थाहरूले आफ्नो विकासमा प्रभावकारी रूपमा योगदान दिन सकोस् भनी आफ्ना साधारण सदस्य, निर्वाचित प्रतिनिधि, व्यवस्थापक र अन्य कर्मचारीहरूलाई शिक्षा तथा तालीम उपलब्ध गराउँछन् । यी संस्थाहरूले सहकारिताको प्रकृति तथा लाभबारे सामान्य जनता खास गरेर तरूण पुस्ता र बैचारिक अगुवाहरूलाई सुसूचित गर्छन् ।

*च) छैठौं सिद्धान्त: सहकारी संस्थाहरूकाबीच सहयोग :*

सहकारी संस्थाहरूले अति प्रभावकारी रूपमा आफ्ना सदस्यहरूलाई सेवा पुऱ्याई स्थानीय, राष्ट्रिय, क्षेत्रीय र अन्तर्राष्ट्रिय संरचनाहरूमा सहभागी भएर सहकारी आन्दोलनलाई सुदृढ गर्छन् ।

*छ) सातौं सिद्धान्त: समूदायप्रति चासो :*

सहकारी संस्थाहरूले आफूहरूद्वारा निर्धारित नीतिको आधारमा आफ्ना समूदायहरूको दिगो विकासका लागि कार्य गर्छन् ।